मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

Purwanchal National Daily

◆ वर्ष : २४ ◆ अङ्क : २४२ ◆ पृष्ठ ६ ◆ बिर्तामोड ◆ वि.सं. २०७६ साउन ३ गते शुक्रबार (Friday, July 19. 2019) नेपाल सम्वत् ११३९ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भा.रु. : ४/-

## 'यौन शोषणबाट जन्मेका बच्चाको जन्मदर्ता गर'

*__काठमाडौं, साउन २।__ वैदेशिक रोजगारमा रहँदा यौन शोषणबाट अनिच्छित गर्भधारण गरी जन्मेका बालबालिकाको जन्मदर्ताको व्यवस्था गर्न राष्ट्रिय मानव अधिकार आयोगले सरकारलाई सिफारिस गरेको छ ।*

*यौन शोषणबाट अनिच्छित गर्भधारण भई जन्मेका नेपाली कामदारका बालबालिकाहरूको जन्मदर्तामा समस्या देखिएपछि स्थानीय तहलाई निर्देशन दिन आवश्यक भन्दै आयोगले त्यस्तो सिफारिस गरेको हो । वैदेशिक रोजगारमा रहँदा महिला कामदार गर्भवती भई विदेशमै वा नेपालमा आएर जन्माएका बच्चाहरूको जन्मदर्ता नहुनेजस्ता थुप्रै समस्या भेटिएको आयोगले जनाएको छ ।*

## सुरुङ्गाका युवालाई राष्ट्रिय उद्यमी पुरस्कार



**सुरुङ्गा, साउन २ ।** कनकाई नगरपालिका-२ सुरुङ्गाका युवा दीपक चापागाईलाई नेपाल सरकारले राष्ट्रिय उद्यमी युवा पुरस्कार प्रदान गरेको छ ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले वैदेशिक रोजगारबाट फर्किएर स्वदेशमै उद्यम गर्ने ६ जनालाई राष्ट्रिय उद्यमी पुरस्कार प्रदान गरेको हो । विदेशमा सिकेको सिप, पुँजीलाई सदुपयोग गरी उद्यम गर्नेहरू मध्येबाट छनोट गरी उनीहरुलाई पुरस्कृत गरिएको

(बाँकी अन्तिम पृष्ठमा)

# विषादी परीक्षण 'नाम मात्रै'

**बिर्तामोड, साउन २ ।** झापाको बिर्तामोडस्थित कृषि थोक बजारमा रहेको विषादी अन्वेषण द्रुत विश्लेषण प्रयोगशाला नाम मात्रैको रहेको पाइएको छ ।

कृषि थोक बजार परिसरभित्रै प्रयोगशाला भएपनि बजारमा विक्री हुने तरकारी तथा फलफूल विना परीक्षण नै खुलम-खुल्ला बिक्री हुने गरेको छ। तरकारी तथा फलफूल जाँच गरेर मात्रै बिक्री गर्नु पर्ने भएपनि बिक्रीका लागि राखिएका तरकारी तथा फलफूल सबैको परीक्षण नहुने विषादी अन्वेषण द्रुत विश्लेषण प्रयोगशालाकी प्राविधिक सहायक अञ्जु आचार्य बताउँछिन् । उनी भन्छिन्- 'कृषि थोक बजारमा विक्री हुने सबै तरकारी तथा फलफूलको जाँच हुँदैन । दिनमा १० देखि १५ वटा संकलन गरिएको नमूनाको मात्रै परीक्षण हुन्छ , प्रत्येक भन्सारबाट पत्रसहित आएको नमूना मात्रै हामी परीक्षण गर्छौं र रिपोर्ट पठाउँछौं ।

कृषि विकास मन्त्रालय मातहतको बाली विकास निर्देशनालयबाट आर्थिक सहयोग भएसँगै कृषि थोक बजारमा २०७४ सालदेखि प्रयोगशाला सञ्चालनमा आएको हो ।

१ नम्वर प्रदेशमा बिक्री हुने तरकारी तथा फलफूलको



जीवनाशक विषादीको मात्रा जाँच गर्ने भन्दै कृषि बजार व्यवस्थापन समितिको कार्यालयमा प्रयोगशाला राखिएपनि बिर्तामोड मै बिक्री हुने तरकारी तथा फलफूलमा विषादीको मात्रा जाँच हुन सकेको छैन ।

कृषि थोक बजारभित्र ३ सय २८ वटा स्थायी रुपमा रहने पसल छन् । त्यत्ति नै संख्यामा खुद्रा पसल पनि छन् । तर, ती पसलबाट विक्री हुने कुनै तरकारी तथा फलफूलमा विषादीको अवस्था जाँच गरिँदैन ।

कृषि थोक वजारलाई पाँच सेक्टरमा विभाजन गरिएको छ । फलफूलका ३२, तेलहन दलहनका १९, माछामासुका ६०, खुद्रा सब्जीका १२०, थोक बिक्रेता ८६ र अन्य विविध ११ वटा पसल रहेका छन् । तर, कुनै पनि फलफूल तथा तरकारीको जाँच नै नगरी विक्री हुने गरेको छ ।

प्रयोगशालामा किरा नाशक विषादीको अर्ग्यानो फोस्फेट र कर्वामेट समूहको मात्रै परीक्षण हुने गरेको प्राविधिक सहायक आचार्यले बताइन् । उनले भनिन्-'तरकारीमा तथा फलफूलमा विभिन्न प्रकारका विषादीको प्रयोग गरिएको हुन्छ । त्यसमध्ये हामीले दुईवटा समूहको मात्रै परीक्षण गर्ने गरेका छौं ।'

प्राय: गरेर तरकारीमा किरानाशक सहित झारनाशक विषादी र मुसानाशक विषादीको प्रयोग गरिएको हुन्छ । त्यस्तै सुलसुलेनाशक विषादीको समेत तरकारीमा प्रयोग गर्ने गरिएको आचार्यले बताइन् । उनले भनिन्- हामीले

(बाँकी अन्तिम पृष्ठमा)

## डुबेर तीनको मृत्यु

**बिर्तामोड, साउन २।** झापाको वाह्रदशी गाउँपालिका भएर बग्ने अन्धुवा खोलाले बगाएर मंगलवारबाट वेपत्ता बनेका एक बालकको शव फेला परेको छ ।

साथीहरुसँग पौडी खेल्न गएका वाह्रदशी गाउँपालिका - ३ राजगढका १२ वर्षीय बालक बिजय खड्कालाई खोलाले बगाएर बेपत्ता बनाएको थियो । साथीहरुसँग पौडी खेल्न गएका बालक बेलुकासम्म घर नफर्किएपछि खोज्न जाँदा खोलाको डिलमा बालकले लगाएको कपडा र चप्पल मात्रै भेटिएको थियो । बालक वेपत्ता बनेसँगै उनका आफन्त, छिमेकी सहित नेपाल प्रहरी र सशस्त्र प्रहरीले खोजी कार्य तीव्र बनाएको थियो । अविरल वर्षासँगै आएको वाढीका कारण यो वर्ष झापामा योसहित चार जनाको मृत्यु भएको छ भने अझै एक जना वेपत्ता छन् ।

उता भोजपुरको आमचोक गाउँपालिका-२ स्थित युँमा पोखरीमा डुबेर दुई जनाको ज्यान गएको छ । आमचोक-१, वासिङथर्पूका २५ वर्षीय निमा सेर्पा र सोही स्थानका २० वर्षीय गेल्बु सेर्पाको पौडी खेल्ने क्रममा डुबेर ज्यान गएको जिल्ला प्रहरी कार्यालय, भोजपुरले जनाएको छ ।

मङ्गलबार घरबाट घुम्न भनेर निस्केका दुई जना पानी जमाएर राखिएको पोखरीमा डुबेको देखेपछि स्थानीयले प्रहरीलाई खबर गरेका थिए । मृतक दुवै शव परीक्षणका लागि जिल्ला

(बाँकी अन्तिम पृष्ठमा)

**फ्ल्याट भाडामा छ**

बिर्तामोडको भद्रपुर रोडस्थित NIC Asia बैंक अगाडि हिरो शो-रुम भएको घरको दोस्रो तल्ला ४५० स्क्वायर फुट क्षेत्रफल भएको, सहकारी, इन्स्योरेन्स लगायत अफिसका लागि उपयुक्त फ्ल्याट भाडामा छ ।

सम्पर्क : ०२३-५४३२४८ /९८०४९९९६९५

**भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!**

SLCर SEE उत्तीर्ण विद्यार्थीहरुलाई सुवर्ण अवसर

कञ्चनजङ्गा इन्स्टिच्यूट अफ हेल्थ साइन्सेस प्रा.लि

डिप्लोमा प्रमाण पत्र तहका ३ वर्षे कार्यक्रमहरु :-

- नर्सिङ्ग
- ल्याब टेक्निसीयन
- रेडियोग्राफी

फारम पाइने स्थान:- कञ्चनजङ्गा इन्स्टिच्यूट अफ हेल्थ साइन्सेस प्रा.लि हेवन वाटर पार्क, बिर्तामोड,झापा

फारम वितरण मिति : २०७६ असार २२ देखि २०७६ साउन १२ गतेसम्म ।

प्रवेश परीक्षा हुने मिति : २०७६ श्रावण २२ गते

आवश्यक शैक्षिक योग्यता : S.L.Cर S.E.E उत्तीर्ण (ग्रेडिङ प्रणालीको हकमा न्यूनतम् GPA 2 प्राप्त गरेको हुनुपर्छ । )

सम्पर्क : कञ्चनजङ्गा अफ हेल्थ साइन्सेस प्रालि
हेवन वाटर पार्क - बिर्तामोड -२, झापा
९८४९०४८३६५, ९८१५९७८४१७
९८१७०९०३६७ , ९८६२७४७९७८

**सुश्रुत आयुर्वेदमा विशेष डाक्टर आउने बारेको सूचना**

डा. जितेन्द्र मण्डल
MS (AY) IMS, BHU, Selsi (India)
Consultant Surgeon of proctologist, Specialist No. 5

यही मिति २०७६ साल साउन ३ र ४ गते पाइल्स फिस्टुला रोग विशेषज्ञ डाक्टर राष्ट्रिय आयुर्वेद अनुसन्धान केन्द्र किर्तीपुर (काठमाडौं) बाट आउँदैहुनुहुन्छ । दिसा गर्दा दुख्ने, पोल्ने, मासु पलाएको, पिलो जस्तो घाउ आएको, रगत बग्ने र मलद्वार चिलाउने जस्ता विरामीले यथाशीध्र सम्पर्क राख्नुहोला ।

नोट: फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।

सम्पर्क: सुश्रुत आयुर्वेद अस्पताल प्रा.लि.
काँकरभिट्टा रोड, बोलबम पेट्रोलपम्पसँगै, बिर्तामोड, झापा
फोन नं. ०२३-५४१३११, ९८५२६८८९८६

**हार्दिक निमन्त्रणा**

श्री आदरणीय मान्यवर,

स्व.समशेरबहादुर गिरीद्वारा वि.सं. २०११ सालमा स्थापित र संघ-संस्था दर्ता ऐन अनुसार आर्थिक वर्ष २०६४/०६५ मा जिल्ला प्रशासन कार्यालय झापामा दर्ता भई सार्वजनिक सम्पत्तिको रुपमा रहेको यस **श्री शिवालय मन्दिर (सिद्धेश्वर आश्रम)**को चुनावी वार्षिक साधारणसभा यही मिति २०७६ साल साउन ४ गते शनिबार विहान १०: ०० बजेदेखि यसै मन्दिर परिसरमा हुने भएकाले सबै आजिवन सदस्यहरु, दानदाता महानुभावहरु तथा इच्छुक भक्तजनहरुको उपस्थितिका लागि सादर अनुरोध छ ।

नन्दकिशोर गिरी
अध्यक्ष
**श्री शिवालय मन्दिर (सिद्धेश्वर आश्रम)**
अर्जुनधारा नगरपालिका -८, शनिश्चरे(जयपुर मार्ग (झापा)

ADMISSION OPEN
COURSES OFFERED
10 DAYS
MAKEUP WORKSHOP
@ BIRTAMODE
From Shrawan 7th - 17th
With Nepal Idol 1st Season Makeup Artist & Senior Faculty Member of Neeldavids.

- SKIN ANALYSIS
- PRODUCTS KNOWLEDGE
- BASIC MAKEUP
- PARTY MAKEUP
- FLAWLESS MAKEUP
- RAMP MAKEUP
- AIRBRUSH MAKEUP
- BRIDAL MAKEUP & JUROS
- HALLOWN MAKEUP

THEORY & PRACTICAL CLASSES
CERTIFICATES PROVIDED !
Book Your Seat Today !



SANDEEP DANGOL
NEELDAVID'S
INTERNATIONAL SALON & ACADEMY
Hanuman Shopping Center, Birtamode
9814935482

**निदि माध्यमिक विद्यालय** (इन्द्रेणी क्याम्पस)

भर्ना खुल्यो !
कक्षा-११ को विज्ञान, व्यवस्थापन एवम् मानविकी

विशेषताहरु

१. शिक्षा क्षेत्रमा दक्षता हासिल गरेका प्रबुद्ध व्यक्तिहरुबाट सुलभ शुल्कमा गुणस्तरीय शिक्षा प्रदान गरिने।
२. सुविधा सम्पन्न आधुनिक भवनमा विज्ञान प्रयोगशाला, कम्प्युटर प्रयोगशालाका साथै प्रत्येक कक्षाकोठामा सीसी क्यामेराको व्यवस्था भएको।
३. सर्वसुलभ यातायात सुविधा।
४. अनुशासित वातावरणमा पढाइ हुने।
५. विज्ञान विषयका लागि विशेष अवलोकन भ्रमणको व्यवस्था भएको।
६. व्यवस्थापन विषय पढ्नेका लागि औद्योगिक भ्रमणको व्यवस्था भएको।
७. आवश्यक छात्रवृत्तिको सुविधा।
८. छुट्टै विशेष कक्षा समेत सञ्चालन गरिने।
९. +२ र बीबीएसमा उत्कृष्ट नतिजा ल्याउन सफल।
१०. सुलभ शुल्कमा गुणस्तरीय शिक्षा प्रदान गरिने।

साइन्स ब्लक टिमद्वारा सञ्चालित

प्रवेश परीक्षा : विज्ञानका लागि असार २८ गते शनिबार १० बजे

थप जानकारीका लागि : निदि माध्यमिक विद्यालय तथा इन्द्रेणी क्याम्पस, बिर्तामोड-१, रामचोक (झापा)
फोन नं. : ०२३-५४४४१२, ५४६०४४/ मो. ९८५२६७३०८८, ९८५२६८९०००

**ADMISSION OPEN**

+ 2 IN HOTEL MANAGEMENT WITH TRAVEL & TOURISM
+
Diploma In Hotel Management (July Intake )

Contact
Springdale College For Hotel Management
(SCHM)
Birtamode, Jhapa (In front of Kankai Campus )
Ph:023-546263,9842624438

**भर्ना खुल्यो ! भर्ना खुल्यो !!**

सुनसरी टेक्नीकल कलेज, धरानमा SLC / SEE उर्तीण हुने विद्यार्थीहरूकालागी निम्न कार्यक्रमहरूमा भर्ना खुल्यो !

1. Health Assistant (HA)
2. Diploma in Pharmacy
3. Diploma in Lab Technician
4. Diploma in Civil Engineering
5. Diploma in Computer Engineering
6. Diploma in Radiography (x-Ray Technician)

फारम भर्ने अन्तिम मिति : २०७६ श्रावण १२ गते सम्म
नोट : नि:शुल्क प्रवेश परिक्षा तयारी कक्षा सञ्चालन भईरहेको छ ।

विस्तृत जानकारीकालागि :
सुनसरी टेक्निकल कलेज
लक्ष्मी सडक, धरान-१
मोबाईल : ९८५२०२०६१५,९८४१४२९७१३,९८०४३३६६८९

Scholarship ! Scholarship !! Scholarship !!!

Dear **SEE** appeared students
Doing **10+2** in
**Hotel Management ?**

HURRY UP !!
Book your seat now for an **interview**

GET 50% **Scholarship** in Monthly Fees for **60 Students** (Limited time Offer)



**Note:** This **scholarship** has been sponsored by one of the **top university in India** for the **Nepali students** studying in Birtamode.

For more information about interview and details:
Rohini Birtamode Branch | Birtamode Jhapa, Nepal | 023-542692 9852674340 9815092021

# पतिको खोजीका लागि पत्नीको आग्रह

**भद्रपुर, साउन २ ।** खोलाले बगाएर बेपत्ता भएका झापाको मेचीनगर -१४ का ४१ वर्षीय सुफल हस्दाको खोजी गरिदिन परिवारले आग्रह गरेको छ ।

ज्यालादारीमा काम गरेर घर फर्किने क्रममा भद्रपुर र मेचीनगरको सीमामा पर्ने फूलबासाखोला पार गर्न खोज्दा गत असार २७ गते सुफललाई बाढीले बगाएको थियो ।

बेपत्ता सुफलकी पत्नी तलामी हस्दाले प्रहरी चौकी चारआली र मेचीनगर नगरपालिका-१४ को कार्यालयमा खोजीकार्य गरिदिन निवेदन दिएकी हुन् । फूलबासाखोलाको डिलमा छाप्रे घर भएका सुफलका पत्नी, एक छोरी र दुई छोरा रहेका छन् । मेचीनगर-१४ का वडाध्यक्ष शङ्कर पोखरेलले गाउँले, आफन्त र प्रहरी मिलेर खोज्दा पनि सुफललाई भेट्न नसकिएको बताए । खोलाले बगाउँदै गरेको देख्नेहरु भएको हुँदा सुफल जीवित भेटिने आशा नभएको वडाध्यक्ष पोखरेल बताउँछन् ।

डेढ दशकअघि सवारी दुर्घटनामा परेर दाहिने खुट्टा गुमाएका सुफल वैशाखी टेकेर हिँड्ने गरेका थिए । उनी एक खुट्टाको भरमा दिनभर खेतमा आली लगाउने, बीऊ काढ्ने, घर निर्माणमा इँटा, सिमेन्ट जोड्ने लगायतका कृषि तथा निर्माण क्षेत्रमा मजदुरी गर्दै आएको छिमेकी ढेना बेस्रा बताउँछन् । खोलाले बगाएको भोलिपल्ट घरैमा आएर नगरप्रमुख विमल आचार्य र उपप्रमुख मीना उप्रेतीले खोजविन गर्न रु. दुई हजार नगद सहयोग दिएको बेपत्ता सुफलका बयोवद्ध बुबा चरण हस्दाले बताए ।

नेपाल रेडक्रस सोसाइटी झापाका अध्यक्ष लोकराज ढकालले प्रहरीले बेपत्ताको मुचुल्का प्रमाणित गरेर नगरपालिकाको प्रक्रिया पूरा भएपछि बेपत्ता परिवारले सरकारी राहत पाउने बताएका छन् ।

## सुरुङ्गाका....

हो । वैदेशिक रोजगारबाट फर्किई मुलुकमा रोजगारीमूलक उद्यम व्यवसायमा संलग्न भएकोमा चापागाईलाई उक्त सम्मान गरिएको हो । सो पुरस्कार प्राप्त गर्ने चापागाई प्रदेश नं. १ मा एक्ला व्यवसायी हुन् ।

एक कार्यक्रमका बीच श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्री गोकर्ण विष्टले सम्मानपत्रसहित ५० हजार रुपैयाँको चेक हस्तान्तरण गरेका थिए । चापागाँईले ४ वर्ष १० महिना दक्षिण कोरियामा काम गरी स्वदेश फर्केपछि कनकाई नगरपालिका -१ जामुनाबारीमा तारबाट काँटी बनाउने डायमण्ड स्टील उद्योग शुरु गरेका थिए । ३८ वर्षीय चापागाँई विदेश जानु नराम्रो नभए पनि स्वदेशमा पनि केही गर्न सकिन्छ र मुलुकमा व्यवसाय गर्ने प्रशस्त सम्भावना रहेको बताउँछन् । स्वरोजगार पनि हुने र अन्य बेराजगार युवालाई पनि रोजगार दिन सकिने भएकाले मातृभूमिमा रहेर मेहनत गर्न उनले सबै युवालाई अनुरोध गरे । सुरुङ्गामै फलामका काटी, नट, बोल्ट, रड, स्टिल वनाउने उद्योगको साथै कवाडीबाट सामान उत्पादन र फोहोरबाट ग्यास उत्पादन कार्य शुरु भइसकेको उनले बताए ।

सो अवसरमा निजगढ बारास्थित कान्तिपुर पोल्ट्री ब्रिड्स फर्मका सञ्चालक नवराज पौड्याललाई १ लाख रुपैयाँको उत्कृष्ट उद्यमी पुरस्कार प्रदान गरिएको थियो । त्यसैगरी, मैत्रीमंगल आधुनिक कृषि फर्म नागार्जुन-६ काठमाण्डौका सञ्चालकद्वय निरबहादुर राउत र एकबहादुर स्याङ्ताङ, फिट्स बेल्ट गार्मेन्ट उद्योग मकवानपुर हेटौडाका सञ्चालक मनोजकुमार भारती, रामलक्ष्मण अर्ग्यानिक कृषि फर्म काठमाण्डौंकी सञ्चालक शर्मिला अधिकारी र आलोक गार्मेन्ट उद्योग धनगढी कैलालीका सञ्चालक त्रिलोक पनेरुलाई जनही ५० हजार नगदसहित राष्ट्रिय उद्यमी युवा पुरस्कारबाट सम्मान गरिएको थियो ।

सम्मान प्रदान गर्दै मन्त्री विष्टले मुलुकमा रोजगार सृजना गर्न र उद्योग व्यवसाय गर्न उपयुक्त अवसर रहेकाले युवाहरुको विदेश पलायनको क्रमलाई न्यूनीकरण गर्न स्वयम् युवाहरु नै उद्योग व्यवसायमा लाग्नुपर्ने र त्यसका लागि नेपाल सरकार सहयोग गर्न तयार रहेको बताएका थिए ।

## डुबेर...

अस्पताल भोजपुर ल्याइएको जिल्ला प्रहरी कार्यालय, भोजपुरका प्रहरी निरीक्षक पाण्डव राजवंशीले बताए । घटनाको विषयमा अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## विषादी...

परीक्षण गरेर दिएको तरकारी तथा फलफूलको रिपोर्टमा दुई वटा ग्रुपको मिसावट प्रतिशत मात्रै हेरेर खान मिल्ने कि नमिल्ने अवस्थाको हो त्यो उल्लेख गर्छौं ।'

व्यापारी आफैंले विषादी जाँचका लागि फलफूल तथा तरकारी ल्याउन नमिल्ने र आफूहरुले नै शंका लागेको खण्डमा मात्रै फलफूल तथा तरकारीको नमूना संकलन गर्ने गरेका छौं -आचार्यले भनिन्- 'कहिले काँही अफ सिजनको तरकारी भेटियो भने परीक्षणका लागि ल्याउने गरेका छौं ।'

अहिले हामी आफैंले कुनैपनि प्रकारका तरकारी तथा फलफूलको नमूना परीक्षणका लागि ल्याएका छैनौं -उनले भनिन्- प्रत्येक भन्सारले पत्र सहित पठाएको नमूना मात्रै परीक्षण गर्ने गरेका छौं ।


प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
प्रदेश नं. १
स्वास्थ्य निर्देशनालय

## मेची अञ्चल अस्पताल

भद्रपुर, झापाको

### मौजुदा सूचीमा सूचिकृत हुने बारेको सूचना

प्रथमपटक प्रकाशित मिति : २०७६।०४।०३

यस अस्पताललाई आगामी आ.व. ०७६।०७७ का लागि आवश्यक पर्ने विभिन्न प्रकारका सामान तथा सेवा आपूर्ति गराउन इच्छुक इजाजत प्राप्त फर्म, कम्पनी एवम् संस्थाहरुको सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ मा भएको व्यवस्था अनुसार छुट्टै सूची (Standing List) तयार पार्नुपर्ने भएकोले यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्रमा फर्म, कम्पनी, एवम् संस्था दर्ताको प्रमाणपत्रका प्रमाणित प्रतिलिपि आ.व. ०७४/०७५ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रलिलिपि, मु.अ.करमा दर्ता भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, कार्यानुभव सम्बन्धी विवरणसहित सूचीकृत हुन चाहेको कार्य किटान गरी प्रत्येक कार्यका लागि छुट्टाछुट्टै दरखास्त यस कार्यालयको लेखा/स्टोर शाखामा दर्ता गराउन हुन यो सूचना प्रकाशित गरिएको छ । विस्तृत जानकारीका लागि कार्यालयको सूचना पाटीमा टाँस भएको सूचना या यस कार्यालयको टेलिफोन नं. ०२३-५२००२४ मा कार्यालय समयभित्र सम्पर्क गरी बुझ्न सकिने छ ।

डा. पिताम्बर ठाकुर
प्रमुख मेडिकल सुपरिटेण्डेन्ट



दर्ता नं. ३।१७(३८६)०६५/०६६

## श्री कर्मशील कृषि सहकारी संस्था लि.

भद्रपुर -२, झापाको

### कर्मचारी आवश्यकता

प्रथमपटक प्रकाशित मिति : २०७६।०४।०१

यस संस्थाका लागि तपशिल अनुसारको योग्यता भएको कर्मचारीको आवश्यकता भएकोले इच्छुक नेपाली नागरिकबाट मिति २०७६।०४।०१ देखि २०७६।०४।१० गतेसम्म कार्यालय समयभित्र बायोडाटा र शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपिसहित हस्तलिखित दरखास्त आह्वान गरिन्छ ।

**तपशिल**

**पद** : कार्यालय व्यवस्थापक
**शैक्षिक योग्यता** : मूल विषय लेखा लिई स्नातक तह उत्तीर्ण गरेको वा सो सरहको योग्यता, कम्प्यूटर सफ्टवेयरमा दक्षता भएको साथै सम्बन्धित क्षेत्रमा कम्तीमा एक वर्षको अनुभव भएको
**उमेर** : २५ वर्ष पूरा भई ४० ननाघेको
**छनौट प्रक्रिया** : लिखित, मौखिक र प्रयोगात्मक परीक्षा
**परीक्षा मिति** : मिति २०७६।०४।११ गते सम्पर्क गरी जानकारी गराइने छ
**आवेदन शुल्क** : रु. ७००।- (सात सय मात्र)
**तलब स्केल** : न्यूनतम रु. २०,०००।-देखि अधिकतम् ३०,०००। सम्म (आपसी समझदारीमा)
**अन्य सुविधा** : संस्थाको नियमानुसार
**धरौटी** : संस्थाको नियमानुसार

मो.नं. ९८१७९७०४५०

संयोजक
कर्मचारी छनौट उप-समिति



## Drishti Eye Hospital

Birtamode -3, Sainik Mode, Jhapa

### Vacancy ! Vacancy !! Vacancy !!

**Position :** Senior Accountant.
**Minimum Criteria :** Bachelor in Management.
Experienced will be given Priority.
**Salary :** As per Company rule.
**Last Date of Submission :** 7th Shrawan 2076.
**To Apply :** Email your CV at drishti.mechi@gmail.com

**Drishti Eye & Ear Hospital**
Birtmode -3, Sainik Mode, Jhapa
Phone No. 023-545704
Drishti For All..... Drishti For ever.



## प्रेस विज्ञप्ति

मुलुकमा भएका राजनीतिक परिवर्तनमा निजी क्षेत्रको भूमिका उल्लेख्य रहँदै आएको छ, तर जस्तै परिवर्तनपछि पनि निजी क्षेत्रका समस्या उपेक्षित हुँदै आएका छन् । यसै सन्दर्भमा नेपाल सरकारले २०७६ साउन १ गतेबाट लागू गरेको एक ठाउँबाट अर्को ठाउँमा मालसामान ओसारपसार गर्दा वेभमा आधारित अनलाइन ढुवानी साधन अनुगमन प्रणाली Vehcile and Consigmant Tracking System (VCTS) का विषयमा बिर्तामोड उद्योग वाणिज्य संघको गम्भीर ध्यानाकर्षण भएको छ । निजी क्षेत्रको समन्वय र परामर्श बिना सरकारले लागू गरेको उक्त प्रणालीसहितका विभिन्न नियमहरु अत्यन्त अव्यवहारिक रहेको ठहर गर्दै त्यस विषयमा पुनर्विचार गर्न नेपाल सरकारको गम्भीर ध्यानाकर्षण गराउँदछौं ।

**ध्यानाकर्षणका विषयहरु :**

१) Vehcile and Consigmant Tracking System (VCTS) Act लामो दुरी र पहाडी क्षेत्रका लागि लागू गर्न अत्यन्त अव्यवहारिक रहेकाले उक्त व्यवस्थाको खारेजीको माग गर्दछौं ।
२) ढुवानीमा लगाइएको १३ प्रतिशत मूल्य अभिवृद्धि कर र अग्रीम आय कर अव्यवहारिक रहेकाले खारेजीको माग गर्दछौं ।
३) न्यूनतम् आधारभूत खाद्यवस्तुहरुमा लगाइएको मूल्य अभिवृद्धि कर र अग्रीम आय कर अव्यवहारिक रहेकाले खारेजीको माग गर्दछौं ।
४) बैंक ब्याजदर ७ देखि ९ प्रतिशतसम्म अर्थात् १ अंकको ब्याजदर कायम हुनु पर्ने हाम्रो लामो समयदेखिको मागलाई तत्काल सम्बोधन गर्न जोडदार माग गर्दछौं ।
५) रु. १ हजारभन्दा माथि ज्याला भुक्तानी गर्नु पर्ने भएमा सम्बन्धित कामदारको पान नं. आवश्यक पर्ने भन्ने प्रावधान अव्यवहारिक रहेकोले खारेजीको माग गर्दछौं ।
६) ज्यालादारी कामदारमाथि लगाइएको पान नं. को अनिवार्यता अव्यवहारिक रहेकाले खारेजीको माग गर्दछौं
७) वाणिज्य कार्यालयमा व्यवसायिक फर्म नवीकरण नभइरहेका व्यवसायीहरुको अविलम्व नवीकरणको वातावरण सहज बनाइदिनु हुन माग गर्दछौं ।
८) रु.१०००।- माथिको खरिदमा पान नम्बर आवश्यक भएकोले (कृषि, जडिबुटी आदिमा) लागू नहुने भएकोले खारेजीको माग गर्दछौ ।
९) बैंक खातामार्फत पारिश्रमिक तत्काल भुक्तानी गर्न सम्भव नभएकोले खारेजीको माग गर्दछौं ।
१०) सामाजिक सुरक्षाकोषका केही प्रावधानहरु अव्यवहारिक रहेकाले खारेजीको माग गर्दछौं ।
११) सुनचाँदी खरिद गरी जिल्ला बाहिर लानुपरेमा आन्तरिक राजश्व कार्यालयको पूर्व स्वीकृति अव्यवहारिक भएकाले खारेजीको माग गर्दछौ ।

भेषराज भण्डारी (प्रशान्त) : महासचिव
कुमार भट्टराई : अध्यक्ष
**बिर्तामोड उद्योग वाणिज्य संघ, बिर्तामोड, झापा**



## श्री मोहनमाया माध्यमिक विद्यालय

बिर्तामोड-२ चारपाने, झापा, १ नं. प्रदेश नेपाल

### नयाँ विद्यार्थी भर्ना सम्बन्धी सूचना

प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (CTEVT) को टेक्स विद्यालय यस श्री मोहनमाया माध्यमिक विद्यालय बिर्तामोड-२ चारपाने, झापामा DIPLOMA IN CIVIL ENGINEERING (३ बर्ष) शैक्षिक कार्यक्रमका लागि आवेदन फारम खुल्ला गरिएको सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**आवेदन फारम पाइने स्थान :** श्री मोहनमाया मा. वि. बिर्तामोड-२ चारपाने, झापा
**आवेदन फारम बुझाउने अन्तिम मिति :** २०७६ श्रावण १२ गतेसम्म
**प्रवेश परीक्षा हुने मिति :** २०७६ श्रावण २२ गते बुधबार बिहान ७ :०० बजेदेखि
**प्रवेश परीक्षा किसिम :** लिखित वस्तुगत (विज्ञान, गणित, अंग्रेजी)
**प्रवेश परीक्षा केन्द्र :** CTEVT बाट पछि प्रकाशन गरिने छ ।
**आवेदन फारम साथ पेश गर्नुपर्ने कागजातहरु :**

SLC/SEE वा सो सरहको शैक्षिक योग्यताको प्रमाण पत्र, लब्धांक पत्र, प्रवेशिका परीक्षाको चारित्रिक प्रमाणपत्र, नेपाली नागरिकता वा जन्मदर्ताको १/१ प्रति प्रमाणित प्रतिलिपि र हालसालै खिचिएको 35mm×45mm MRP साइजको २ प्रति रंगिन फोटो ।

**अन्य थप जानकारीका लागि :**
**श्री मोहनमाया माध्यमिक विद्यालय** बिर्तामोड-२ चारपाने, झापा
(023-543652 (कार्यालय), 9842704734 , 9803470160, 9842714355 (प्रअ))

**साथै यस विद्यालयमा कक्षा ११ को विज्ञान तथा व्यवस्थापन संकायमा भर्ना हुन इच्छुक विद्यार्थीहरुले विद्यालयमा सम्पर्क गरी आफ्नो सिट सुरक्षित गर्नुहुन जानकारी गराइन्छ ।**

शेरबहादुर श्रेष्ठ : प्रधानाध्यापक



## कुक आवश्यकता

**कुक : १ जना**
**वेटर : १ जना**
नेपाली खाना/थकाली खाना / इण्डियन खाना बनाउन जान्ने
**सम्पर्क : ९८५२६७२३६५ ९८४२६९६३३० ०२३-५४१०६१**



## विर्तामोड नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
विर्तामोड, झापा, १ नं. प्रदेश, नेपाल

फोन : ०२३-५४०२४४/५४०३१५

**आन्तरिक आय संकलनका लागि**

### वोलपत्र/शिलबन्दी दरभाउपत्र आव्हान गरिएको सूचना

*दोस्रोपटक प्रकाशित मिति : २०७६/०४/०३*

स्थानीय सरकार सञ्चालन ऐन २०७४ र विर्तामोड नगरपालिकाको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको कानून अनुसार यस नगरपालिकाले चालू आ. व. ०७६/०७७ वाँकी अवधिमा उठाउन पाउने देहायको आन्तरिक आय नेपाल सरकारको प्रचलित कानून बमोजिम ठेक्का बन्दोबस्त गर्न बाञ्छनीय रहेकोले देहायका ठेक्का शीर्षकहरुको ठेक्का बन्दोवस्त गर्नु पर्ने भएको हुँदा इच्छुक व्यक्ति, फर्म वा संस्थाले तपसिलमा उल्लेखित दस्तुर तिरी तोकिएको अवधिभित्र नियमानुसारको शिलबन्दी दरभाउपत्र तथा बोलपत्र यो सूचना प्रकाशित भएको मितिबाट १५ (पन्ध्र) दिनभित्र देहायका शर्तहरुको अधिनमा रही बोलपत्र/शिलबन्दी दरभाउपत्र पेश गर्न आव्हान गरिन्छ ।

**ठेक्काको विवरण**

| ठेक्का नं. | ठेक्काको विवरण | न्यूनतम ठेक्का अंक (भ्याट बाहेक) | बोलपत्र/शिलबन्दी दरभाउपत्र खरिद गर्ने अन्तिम म्याद | बोलपत्र/शिलबन्दी दरभाउपत्र दस्तुर | बोलपत्र/शिलबन्दी दरभाउपत्र दाखिला गर्ने अन्तिम मिति र समय | बोलपत्र/शिलबन्दी दरभाउपत्र खोलिने मिति, समय र स्थान |
|---|---|---|---|---|---|---|
| १ | पटके सवारी कर तथा पार्किङ शुल्क (टेक बहादुर गिरी बसपार्क) (आ. व. ०७६/७७ वर्ष १ का लागि) | २८,५२,१००।- | २०७६/४/१७ गते कार्यालय समय सम्म | ३०००।- ( फिर्ता नहुने गरी ) | २०७६/४/१८ गते दिनको १२:०० बजे भित्र | २०७६/४/१८ गते दिनको २:०० बजे बिर्तामोड नगरपालिकाको कार्यालय |
| २ | सैनिकमोड गोलधाप सडकको बिर्तामोड खण्ड (आ. व. ०७६/७७ वर्ष १ का लागि) | १०,००,००१।- | २०७६/४/१७ गते कार्यालय समय सम्म | ३०००।- ( फिर्ता नहुने गरी ) | २०७६/४/१८ गते दिनको १२:०० बजे भित्र | २०७६/४/१८ गते दिनको २:०० बजे बिर्तामोड नगरपालिकाको कार्यालय |
| ३ | बिर्तामोड खुदुनाबारी सडकको बिर्तामोड खण्ड (आ. व. ०७६/७७ वर्ष १ का लागि) | १०,००,००१।- | २०७६/४/१७ गते कार्यालय समय सम्म | ३०००।- ( फिर्ता नहुने गरी ) | २०७६/४/१८ गते दिनको १२:०० बजे भित्र | २०७६/४/१८ गते दिनको २:०० बजे बिर्तामोड नगरपालिकाको कार्यालय |

शर्तहरु :

१) ईच्छुक वोलपत्रदाताले नागरिकताको प्रमाण पत्र, VAT दर्ता प्रमाण पत्र र गत आ. ब. २०७४/०७५ को कर चुक्ता प्रमाण-पत्र पेश गरी कार्यालयबाट बोलपत्र/शिलबन्दी दरभाउपत्र फाराम खरिद गर्नु पर्नेछ ।
२) यसरी खरिद गरिएको बोलपत्र/शिलबन्दी दरभाउपत्र फाराम भरी बोलपत्र/शिलबन्दी दरभाउपत्रदाताले ठेक्का १६ औं दिन दिनको १२:०० बजे भित्रमा यस कार्यालयमा दाखिला गरिसक्नु पर्नेछ । आफैं बोलपत्र/शिलबन्दी दरभाउपत्रदाता बोलपत्र/शिलबन्दी दरभाउपत्र दाखिला गर्न नसक्ने बोलपत्र/शिलबन्दी दरभाउपत्रदाताले रीत पूर्वकको अख्तियारीनामा दिई प्रतिनिधि पठाउनु पर्नेछ । पर्न आएका बोलपत्र/शिलबन्दी दरभाउपत्रहरु सोही दिन दिनको २:०० बजेपछि बोलपत्र/शिलबन्दी दरभाउपत्रदाता वा निजहरुको प्रतिनिधि र तोकिएका कार्यालयका प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । बोलपत्र/शिलबन्दी दरभाउपत्रदाता वा निजहरुको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र/शिलबन्दी दरभाउपत्र खोल्न वाधा पर्ने छैन ।
३) बोलपत्र/शिलबन्दी दरभाउपत्र फाराममा कबोल अंक अक्षरमा स्पष्ट बुझिने गरी भर्नु पर्नेछ । अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । केरमेट भएको ठाउँमा बोलपत्र/शिलबन्दी दरभाउपत्र दाताले स्पष्ट सही छाप गरेको हुनु पर्नेछ ।
४) बोलपत्र/शिलबन्दी दरभाउपत्रमा उल्लेखित कवोल अंकको ५ प्रतिशतले हुने रकम यस कार्यालयको रा. वा. वैंक भद्रपुर स्थित हि. नं. -२२१०३०४०१८१०४ मा जम्मा गरेको सक्कलै वैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको बोलपत्र दाखिला अन्तिम मितिबाट १२० ( एक सय बीस ) दिन म्याद भएको विडवण्ड बोलपत्र साथ दाखिला गर्नु पर्नेछ ।
५) ठेक्का सम्वन्धमा कुनै किसिमको विवादको स्थिति श्रृजना भएमा वा कार्यालय र ठेकेदार बीच कुनै विवाद उत्पन्न भएमा विर्तामोड नगरपालिकाको निर्णय अन्तिम हुनेछ र सो निर्णय मान्नु ठेकेदारको कर्तव्य हुनेछ ।
६) नगरपालिकालाई रकम बुझाउनु पर्ने वाँकी वक्यौता भएका व्यक्ति वा फर्महरुले त्यस्तो बाँकी रकम नबुझाएसम्म निजले बोलपत्र/शिलबन्दी दरभाउपत्र खरिद गर्न पाउने छैन ।
७) बोलपत्र/शिलबन्दी दरभाउपत्रदाताले खामको बाहिर नाम र ठेगाना स्पष्टसँग उल्लेख गरी बोलपत्र/शिलबन्दी दरभाउपत्र पेश गर्नु पर्नेछ ।
८) बोलपत्र/शिलबन्दी दरभाउपत्र फाराम खरिद गर्ने र दाखिला गर्ने अन्तिम दिन विदा पर्न गएमा उक्त कार्य सोको क्रमशः भोलिपल्ट हुनेछ ।
९) ठेक्का स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहीत रहनेछ ।
१०) शर्त राखी पेश गरेको, रीत नपुगेको र म्याद नाघी आएका बोलपत्र/शिलबन्दी दरभाउपत्र माथि कारवाही हुने छैन ।
११) माथि उल्लेखित शर्तहरु बाहेक अन्यका हकमा प्रचलित नेपाल कानून बमोजिम हुनेछ र ठेक्काका अन्य शर्तहरु स्थानीय सरकार संचालन ऐन २०७४ तथा विर्तामोड नगरपालिकाको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको कानून २०७४, नेपाल सरकारको प्रचलित कानून तथा विर्तामोड नगरपालिकाको निर्णयानुसार सम्झौताका बखतमा निर्धारित हुनेछन् ।
१२) यस सम्बन्धमा थप कुराहरु बुझ्न आवश्यक परेमा कार्यालय समयभित्र यस कार्यालयमा सम्पर्क राखी बुझ्न सकिनेछ ।
१३) ठेक्का सम्बन्धी अन्य शर्त तथा विस्तृत विवरण यस कार्यालयबाट उपलब्ध गराईने बोलपत्र/शिलबन्दी दरभाउपत्र फाराममा उल्लेख गरिएको छ । बोलपत्र/शिलबन्दी दरभाउपत्रदाताले उक्त सबै शर्तहरु पूरा गर्नु पर्नेछ ।

शाखा अधिकृत



## एक्सेल डेभलपमेन्ट बैंक लि.

**Excel Development Bank Ltd.**
... तपाईंको स्थानीय साझेदार (Your Local Partner)
*नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्रप्राप्त संस्था (पाँच जिल्ला कार्य क्षेत्र भएको)*
केन्द्रीय कार्यालय, मुक्तिचोक, बिर्तामोड, झापा, नेपाल
फोन नं ०२३-५४३५६४, ५४३७१४, ५४४०१०, Email: info@edb.com.np | URL: www.edb.com.np

### तपसिलमा उल्लेखित ऋणीको धितो रहेको अचल सम्पत्ति लिलाम बिक्री गर्ने १५ दिने शिलबन्दी बोलपत्र आह्वान गरिएको सूचना

(प्रकाशित मितिः वि.सं. २०७६।०४०३

यस बैंकको तपसिलमा उल्लेखित ऋणी/व्यक्तिगत जमानीकर्ताहरुले म्यादभित्र कर्जा चुक्ता/भूक्तान नगरी/नगराई लिखित तथा मौखिक तरताकेता र पत्र पत्रिकाद्धारा कर्जा चुक्ता गर्न आउने ३५ दिने सार्वजानिक सूचना प्रकाशित गर्दासमेत कर्जा चुक्ता/भूक्तान गर्ने/गराउनेतर्फ कुनै चासो नदेखाएकोले धितो सुरक्षणस्वरुप लेखी/लेखाई दिएको तपसिल बमोजिमको धितो गोप्य शिलबन्दी बोलपत्रका माध्ययमबाट लिलाम बिक्री गरी बैंकले आफ्नो लेना रकम असुल उपर गर्न यो ३५ दिने सूचना प्रकाशित गरिएको छ । यस बैंकमा धितो रहेको सम्पत्ति सकार गरी लिन इच्टुक महानुभावहरुबाट यो सूचना पत्रिकामा प्रकाशित भएको मितिले ३५ औं दिनभित्र यस बैंकमा कार्यालय समयभित्र आइपुग्ने गरी निम्न शर्तहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन आह्वान गरिन्ट । बोलपत्र फारम रु. १०० तिरी यस बैंकको मूख्य कार्यालय, बिर्तामोड, झापा र शाखा कार्यालयहरुबाट कार्यालय समयभित्र प्राप्त गर्न सकिने छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको ३६ औं दिन वा सो दिन विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा दिनको ३:०० बजे खोलिने हुँदा बोलपत्रदाता वा निजको आधिकारीक प्रतिनिधि उपस्थित हुनसमेत जानकारी गराइन्छ । तर बोलपत्रदाताको अनुपस्थितीले बोलपत्र खोल्न बाधा पुग्ने छैन । कथम्कदाचित सो धितोबाट असुलउपर हुन नसके ऋणी एवम् व्यक्तिगत जमानतकर्ताहरु समेतलाई कालोसूचीमा समावेश गरी असुलउपर हुन बाँकी रहेको रकम ऋणी तथा कर्जा लिँदाका बखत व्यक्तिगत जमानी दिने व्यक्तिगत जमानतकर्ताहरुको नाममा रहेको र /वा निजहरुको हक भोगको अन्य चल-अचल सम्पत्तिबाट समेत बैंक तथा बित्तीय संस्था सम्बन्धी ऐन तथा अन्य प्रचलित कानून बमोजिम असुलउपर गरिने छ । साथै धितो सम्पत्ति लिलाम बिक्री हुन नसकेमा धितो सम्पत्ति बैंकले आफ्नो अनुकूलतामा आफैंले सकार गरी लिन सक्ने ब्यहोरासमेत जानकारी गराइएको छ । बोलपत्र सम्वन्धी अन्य शर्तहरु सम्बन्धमा यस बैंकको वेवसाइड www.edb.com.np मा राखिएको यसै सूचनाको पूर्ण पाठबाट वा यस बैंकको नजिकको शाखामा सम्पर्क गरी जानकारी लिनु हुनन अनुरोध गरिन्छ ।

**तपसिल**

| क.स. | ऋणी र व्यक्तिगत जमानतकर्ताको नाम थर तथा तिन पुस्ते बिवरण | कर्जा शिर्षक | ऋणी/ ऋणी फर्मको प्रोप्राइटर/साझेदार/संचालक एवं जमानतकर्ताको फोटो | धितो सुरक्षणको विवरण |
|---|---|---|---|---|
| १. | **ऋणीः** नेपाल सरकार, भौतिक योजना तथा निर्माण मन्त्रालय इजाजत पत्र नं. १८२२ कायम रहेको **महमद निर्माण सेवा** का तर्फवाट ऐ.का प्रोप्राईटर महमद सखावत को नाती, महमद मुस्लिम को छोरा, झापा जिल्ला, चन्द्रगढी वडा नं. ७ स्थायी ठेगाना भै हाल झापा जिल्ला, भद्रपुर नगरपालिका, वडा नं. ८, बस्ने मिति २०५१/०९/१९ मा जिल्ला प्रसाशन कार्यालय झापावाट जारी गरिएको ना.प्र.नं १८६०८५३५ भएको बर्ष ५० को **श्री महमद अकबर**<br><br>**व्यक्तिगत जमानीकर्ता :**<br>नाम :- रेहाना प्रविन<br>बाबु :- महमद ईस्लाम<br>बाजे :- महमद गुलाव<br>ठेगानाः भद्रपुर नगरपालिका वडा नं. १०, झापा | चालुपूंजी कर्जा र आवास कर्जा | <br>**नामः महमद अकवर**<br><br>**नामः रेहाना प्रविन** | श्री महमद अकवरको नाममा झापा जिल्ला मा.पो.का. भद्रपुरमा दर्ता कायम रहेको झापा जिल्ला, भद्रपुर न.पा.वडा नं. ६, स्थित कि.नं. ८४१ को क्षेत्रफल ०-०-४ (अक्षरमा चार धुर), कि.नं. २४४६ को क्षेत्रफल ०-०-११ (अक्षरमा एघार धुर), कि.नं. २३०७ को क्षेत्रफल ०-०-८ ( अक्षरमा आठ धुर) कि.नं. ६७१० को क्षेत्रफल ०-०-५ (अक्षरमा पांच धुर) जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत । |


श्रीअन्नु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित – कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रका[redacted](९८४४६४२०५५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्था[redacted]ाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा
■ प्रेससिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन[redacted]१००२/प्रशासन/विज्ञापन : ०२३-५४००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल

सम्पादकीय

## सडकको पीडा र जनता

**स्मार्ट सिटीको अवधारणा अनुसार बिर्तामोड–भद्रपुर सडक खण्डको चार किलोमिटर क्षेत्रको सडक बिस्तारको काम अबको छ महिनामा सम्पन्न गर्नुपर्नेछ । चन्द्रगढीस्थित लेखनाथ चौकसम्मको चौध किलोमिटर मध्ये झण्डै तीन किलोमिटर सडक चार लेनको हुनेछ । बिर्तामोडको मुक्तिचोकदेखि भद्रपुरसम्मको सडकखण्डको बाँकी भाग दोस्रो चरणमा निर्माण हुने बताइएको छ । पहिलो चरणको चार लेनसहितको सडक आउँदो असोज महिनाभित्रमा सम्पन्न भइसक्नुपर्नेछ । जसको निर्माण कार्य भने बीस प्रशित पनि पूरा भएको छैन ।**

**बिर्तामोडदेखि मेची आँखा अस्पतालसम्मको सडकको दुईतर्फ नाला खनिएको छ । ढल बनाउन खनिएको सडक यो वर्ष हिउँदमा धुलाम्मे र अहिले हिलाम्मे भएर स्थानीयबासीले भोग्नुपरेको पीडा शब्दले व्यक्त गर्न सकिँदैन । अझ गएको एक हप्तादेखि भएको अविरल वर्षाका कारण कैयौं सवारी चालक र पैदलयात्रीले वहन गर्नुपरेको जोखिमको मापन गर्ने इकाइ नै छैन । अठार–महिनाभित्र निर्माण सम्पन्न गर्ने गरी आशिष/प्रेरा जेभीले ठेक्का सम्झौता गरी आरम्भ गरेको भए पनि कामको ढिलासुस्ती, लापरवाहीका कारण समयसीमाभित्र निर्माण सम्पन्न हुने अवस्था देखिएको छैन ।**

**सडकखण्डका आसपास बस्नेहरुले पटक–पटक स्थानीय सरकार, सडक विभाग र सरोकारवाला निकाय समक्ष हारगुहार गरे, अनुनय–विनय गरे तर उनीहरुको ध्यानाकर्षण भएको देखिएन । एकले अर्कालाई देखाउने कारणले बिर्तामोडको आर्थिक गतिविधि नै अवरुद्ध भएको छ । त्यही कारण बिर्तामोड उद्योग वाणिज्य संघले समेत परिस्थितिको गाम्भीर्यलाई अनुभूत गर्न दवाव दियो । स्थानीयबासीले सडकमै धान रोपेर आक्रोश पोखे तर, त्यसले सम्बद्ध पक्षलाई चिमोटेको र दुःखेको अनुभूति भएको सुन्न पनि पाइएन । यस्तोमा सडक मापदण्डभित्र परेका जग्गाधनीहरुलाई क्षतिपूर्ति दिनु बाहेक उल्लेख्य काम हुन नसक्नुले निर्माण कम्पनीसँगै सम्झौता गराउने डिभिजन सडक कार्यालय दमकलाई कसरी स्याबासी दिइन्छ र ?**

**झापाको सर्वाधिक व्यस्त र सम्पूर्ण दृष्टिले महत्वपूर्ण सडकखण्डको यस्तो दुर्दशा छ भने अन्यत्र के होला ! अनुमान गर्न सहज छ । गाउँ–गाउँमै सरकार पुऱ्याएको दम्भ गर्ने सरकारले यस्तो लापरवाहीलाई किन आँखा चिम्लिएर बसेको होला ! खोज्नुपर्ने भएको छ । सडकखण्डमा भएका ठूल्ठूला खाल्डाखुल्डीले दिनहुँ दुर्घटना भइरहँदा भएको क्षति र त्यसले उत्पन्न गरेको जोखिम कम गर्न स्थानीय सरकारको भूमिका स्थानीयबासीले खोज्दै छन् । त्यसकारण अबको बाँकी समयभित्रमा निर्माण सम्पन्न हुने प्रतिबद्धता होइन अग्रसरता देखिनु पर्दछ । होइन भने ढाड भाँचेर कर तिर्दै गरेका जनता शिर उठाएर विद्रोहमा उत्रिन सक्छन्, जसको उपचार कसैले गर्न सक्ने छैन ।**

# पोर्क ब्यारेलु अर्थात, सुँगुरको मासु बाड्ने सांसद !



विष्णुप्रसाद खरेल

नेपालको संविधानले संघीय संसद र प्रदेश सभा गरी दुईवटा संसदको व्यवस्था गरेको छ। मुलुकको शासन व्यवस्था कसरी सञ्चालन गर्ने भन्ने संविधान, कानून, नीति-नियमहरुको निर्माण यी संसदहरुले तय गर्दछन्। त्यति मात्र होइन, सरकारले मुलुकको संविधान, कानून र नीति-नियम अनुरुप काम गरिरहेको छ कि छैन भन्ने विषयमा समेत यी संसदहरुले सम्बन्धित सरकारलाई नियन्त्रण र निर्देशन दिने गर्दछन्। अर्थात, सांसदहरुको भूमिका, दायित्व र जवाफदेहिता मुलुकको दिशानिर्देश गर्ने हो र उनीहरु विधायिकी भूमिकामा रहनुपर्दछ। तर, दुबै तहका नेपालका सांसदहरु आफ्नो विधायिकी भूमिकालाई गौण बनाएर कार्यपालिकाको अधिकारमा रम्न थालेका छन्। उनीहरु बिस्तारै विकासे सांसदको रुपमा रुपान्तरित हुँदैछन्। नेपालका सांसदहरुलाई विकासे सांसदको रुपमा रुपान्तरित गर्न सांसद विकास कोषको अभ्यासले सघाउ पुऱ्याईरहेको छ।

पहिलो पटक कम्युनिष्ट पार्टीवाट प्रधानमन्त्री बनेका मनमोहन अधिकारीले २०५१ सालमा प्रत्येक निर्वाचन क्षेत्रमा साढे दुई लाख छुट्याएर सांसद विकास कोषको अभ्यासलाई नेपालमा शुरुवात गरे। २०६२/०६३ सालको जनआन्दोलनपछि स्थानीय निकायमा निर्वाचित प्रतिनिधि नभएको बहानामा सांसदहरूले विकास कार्यका लागि आफ्नै संलग्न हुनुपर्ने भन्दै यस कोषमा रकम बढाउन सरकारलाई दबाव दिए। २०७२ मा नयाँ संविधान जारी भयो। मुलुक संघीयतामा गयो। तीन तहका सरकार बनाउने संवैधानिक व्यवस्था गरियो। विकासका कार्यहरुमा स्थानीय सरकारको भूमिकालाई प्रभावकारी बनाइयो। संविधानमा गरिएको व्यवस्थालाई सांसदहरुले बुझ्नेनन् या बुझेर पनि आफ्नो भूमिकामा बस्न रुचाएनन्। सांसदले पाउने रकम झनै बढेर गयो।

संविधान जारी हुनुअघि सांसदहरुको चर्को दवाबबाट तत्कालीन अर्थमन्त्री रामशरण महतले यो रकम बढाएर साढे एक करोड पुऱ्याए। संविधान जारी भएपछि पहिलो पटक बनेको प्रधानमन्त्री केपी ओलीको सरकारको पालामा अर्थमन्त्री विष्णु पौडेलले उक्त रकम तीन करोड पुऱ्याए। स्थानीय सरकारको गठनपछि पनि केन्द्रीय र प्रदेश सांसदले विकासका नाममा पाउने यो रकम झनै रफ्तारमा बढ्यो। अर्थमन्त्री युवराज खतिवडाले अघिल्लो वर्ष चार करोड पुऱ्याएको यो रकम यसपाली छ करोड पुगेको छ। अर्को वर्ष दश करोड पुऱ्याउनुपर्छ भन्ने माग अहिले नै चर्कोसँग उठ्न थालेको छ। विकासका नाममा आफूखुशी खर्च गर्न पाउने रकमलाई बृद्धि गर्न सबै दलका सांसदहरु एकमत देखिन्छन् र सरकारलाई निरन्तर दवाब दिइरहेका छन्।

हरेक सांसदहरु व्यवस्थापिकाका सदस्य हुन्। व्यवस्थापिका मार्फत कार्यपालिकालाई 'चेक एण्ड ब्यालेन्सु गर्ने जिम्मेवारीमा सांसदहरू कमजोर हुने थालेका छन्। कानून बनाउने बेलामा संसदको हल भरिभराउ हुनुपर्ने हो। तर, कुर्सीहरु रित्तिन थालेका छन्। सांसदहरु कानून र नीति-नियम बनाउन उत्साहित देखिँदैनन्। 'हुन्छ' र 'हुन्न' भन्ने शब्द प्रयोग बाहेक उनीहरुलाई अरु कुराको चासो देखिँदैन। विधायिकी भूमिकाभन्दा सांसदहरू पैसाको थैलो र विकासको आश्वासन बोकेर निर्वाचन क्षेत्रतिर दौडने अभ्यास शुरु भएको छ। जब सांसद नै कानून र नीति-निर्माणको बहसमा कम चासो राख्छन्, तब संसदको सरकारमाथिको पकड कमजोर हुन्छ।

फलस्वरुप, संसदीय लोकतन्त्र कमजोर हुन्छ भन्ने हेक्का समेत सांसदहरुमा पलाउन सकेको देखिँदैन। सार्वजनिक रुपमा सांसदहरुको योग्यता र क्षमतामा प्रश्नहरु उठिरहँदा विधिमा बहस गर्ने क्षमता नै नभएकाहरु सांसद भएका छन् भन्ने तर्क बलियो हुन थालेको छ। संविधानको मर्मलाई कुल्चिएर र स्थानीय सरकारको सहभागितामूलक योजना छान्ने प्रक्रियालाई लत्याएर संघ र प्रदेशका सांसदलाई विकास बजेट किन छुट्याउनु पऱ्यो भन्ने कुरामा बहस चलेको देखिँदैन। सांसदले खर्च गर्ने भनेको स्थानीय सरकारले खर्च गर्ने क्षेत्रमा नै हो। यसरी सांसदले अन्ततः स्थानीय सरकारसँग विकासमा प्रतिस्पर्धा गर्ने परम्परा आफैमा विवादित विषय हो। स्थानीय सरकारको योजना छान्ने सहभागितमूलक प्रक्रियालाई लत्याएर आफैं योजना छान्ने व्यक्तिगत अभ्यासले विसंगति समेत निम्त्याउँछ।

कतिपय सांसदहरु चुनाव जिताउने जनतालाई आफ्नो वाचा अनुरूप विकास, सेवा र सुविधा दिने आफ्नो जिम्मेवारी हो भन्ने तर्क अगाडि सार्ने गर्दछन्। आफ्नो संवैधानिक भूमिका र दायित्वभन्दा बाहिर गएर विकासको वाचा गर्ने काम नै असंवैधानिक हो भन्ने हेक्का समेत उनीहरुमा पलाउन सकेको देखिँदैन। विकासको वाचा गर्ने छुट संविधानले स्थानीय सरकारलाई मात्र दिएको छ। स्थानीय सरकारका प्रतिनिधिहरुले मात्र निर्वाचनमा विकासका वाचाहरु दिन सक्दछन्। नेपालको संविधानले व्यवस्थापिक सदस्यहरु र कार्यपालिका सदस्यहरुको काम, कर्तव्य र अधिकार प्रष्ट रुपमा निर्धारण गरेको छ। यति हुँदाहुँदै पनि विधायिकी अधिकार पाउने सांसदहरु कार्यपालिकाको अधिकार प्रयोगमा लालची हुनुका पछाडि के कारणहरु लुकेका छन् भनेर खोज्ने बेला आएको छ।

सांसद विकास कोषको व्यवस्थाले नेपालको राजनीतिमा थुप्रै प्रकारका विसंगतिहरु निम्त्याउने पक्का छ। पैसाको अस्वस्थ प्रतिस्पर्धाले जटिल बनाउँदै लगेको नेपालको राजनीतिलाई सांसदले बजेट बोकेर निर्वाचन क्षेत्रमा जाने प्रक्रियाले झनै विकृत बनाउन थालेको छ। लोकतन्त्रमा चुनाव लड्नेका लागि समान अवसर सिर्जना गर्नुपर्दछ। यो लोकतन्त्रकै आधारभूत मान्यता हो। हाम्रो जस्तो सानो निर्वाचन क्षेत्रमा १०० देखि ५०० मतले चुनाव जित्ने सांसद धेरै छन्। सांसद विकास कोषको प्रयोग गरेर चुनाव जित्ने सांसदले आफ्नो निर्वाचन क्षेत्रमा पाँच वर्षभित्रमा ३० करोड बराबरका योजना स्वविवेकले छान्दछ। मतदाताहरुलाई मैले विकास ल्याएँ, यसो गरिदिएँ, उसो गरिदिएँ भन्दै प्रभावित पार्न उनीहरुलाई सजिलो हुन्छ। अर्को पटक चुनाव जितेमा थप योजना र विकास गर्दछु भनेर मतदाताहरुलाई प्रलोभन दिने गर्दछन्। यस्तो अवस्थामा अर्को निर्वाचनमा ती सांसदसँग प्रतिस्पर्धा गर्ने अन्य उमेद्वारहरुलाई कसरी समान अवसर प्राप्त हुन्छ ? राज्यको कोषलाई प्रयोग गरेर मतदातालाई प्रभावित पार्ने अधिकार सांसदहरुलाई कसले दियो ? राज्यले व्यक्तिको प्रभाव बृद्धि गर्ने ढंगले कोषको प्रयोग गर्नुहुन्छ या हुँदैन ? खोई त यस्ता विषयहरुमा बहस ?

हामीले देखेका छौं, छट्टु सांसदले यस्तो ठाउँमा बजेट खर्च गरिरहेका छन्। जसले उनलाई वा उनका नजिककालाई आर्थिक लाभ प्राप्त हुने गर्दछ। विकास निर्माणमा हुने भ्रष्टाचार र कमिसन छुट्टै छँदैछ। त्यसले सांसदलाई अर्को पटक चुनाव लड्ने खर्च जोहो गर्न सहयोग पुऱ्याई रहेको प्रष्ट देखिन्छ। निरन्तररुपमा बढिरहेको सांसद विकाष कोषवाट सांसदहरुले आर्थिक अनियमिततालाई बढावा दिने, हचुवाका भरमा योजना निर्माण गर्ने र आफू निकट कार्यकर्ताहरुको भरणपोषण गर्ने कार्यहरु जतात्यतै देखिन थालेका छन्। नीतिगत रुपमा पनि त्रुटीपूर्ण रहेको, व्यवहारमा पनि अपारदर्शी र आर्थिक अनियमिततालाई प्रश्रय दिन उद्यत सांसद विकास कोषलाई खारेज गर्नुपर्ने देखिँदादेखिँदै पनि सबै सांसदहरु एक मतका साथ यो कोषलाई अझ वृद्धि गर्न दवाब दिइरहनुले पनि उनीहरुको व्यक्तिगत स्वार्थ पुरण भएको स्पष्ट छ।

व्यक्तिगत राजनीतिक सुरक्षाका लागि निर्वाचनलाई ध्यानमा राखेर मतदाता रिझाउन खर्च गरिने यस्ता परियोजनालाई राजनीतिशास्त्रीहरूले 'पोर्क ब्यारेलु नाम दिएका छन्। 'पोर्क ब्यारेलु शब्दको उत्पत्ति अमेरिकामा गृहयुद्ध पहिला दासहरूलाई दिइने एक ढुंग्रो सुंगुरको मासुबाट भएको मानिन्छ। एक ढुंग्रो सुँगुरको मासु बाँडेर मानिसलाई दास बनाउने प्रथा जस्तै नेपालका सांसदहरुले राज्यको पैसा प्रयोग गरेर मतदातालाई प्रभावित पार्ने कार्य स्वरुपमा फरक देखिए पनि सारमा उस्तै हो भन्न सकिन्छ। अर्थात्, नेपालका सांसदहरु पनि नेपाली मतदातालाई 'पोर्क ब्यारेलु विधिको प्रयोग गरी प्रभावित पारिरहेका छन्।




> कानून बनाउने बेलामा संसदको हल भरिभराउ हुनुपर्ने हो । तर, कुर्सीहरू रित्तिन थालेका छन् । सांसदहरू कानून र नीति-नियम बनाउन उत्साहित देखिँदैनन् । 'हुन्छ' र 'हुन्न' भन्ने शब्द प्रयोग बाहेक उनीहरूलाई अरू कुराको चासो देखिँदैन । विधायिकी भूमिकाभन्दा सांसदहरू पैसाको थैलो र विकासको आश्वासन बोकेर निर्वाचन क्षेत्रतिर दौडने अभ्यास शुरू भएको छ ।

# प्रविधिको विकास र मानिसको व्यस्तता



❑ संगीता रौनियार

आजभोलिको आधुनिक र हाइटेक जीवनशैलीका कारण मानिस दिनरात मेसीन सरह काम गरेर आय-आर्जनतिर लागिरहेका छन्। काम गर्दा-गर्दा ऊ समयमा खान, समयमा सुत्न, उठ्नु यहाँसम्म कि हाँस्न पनि बिर्सिसकेको आभाष हुन्छ। पैसाको पछाडि लाग्दा आफ्नो स्वास्थ्यको चिन्ता छैन। परिवार, बालबालिकाका लागि समय छैन। ऊ आन्तरिक खुशीभन्दा आधुनिक र कृत्रिम खुशीतिर दौडी रहेको छ। तर, जीवनलाई आनन्दमय र सुखी बनाउनका लागि कहिलेकाहीँ सानो-सानो कुरामा पनि खुशी हुन जरुरी छ। किनभने कहिलेकाहीँ सानो-सानो कुराबाट प्राप्त हुने खुशीले हाम्रो जीवनलाई अझ प्रगाढ र मजबुत बनाइ दिन्छ। यस्तो सानो खुशीले हाम्रो निराश जीवनमा उमङ्ग र तरङ्ग भरिदिन्छ।

तपाईं आफै विगतलाई फर्केर हेर्नुहोस् पहिला मानिस धन थोरै भए पनि कति खुशी हुने गर्थे। उनीहरुबीच माया, सद्भाव र एकअर्काको लागि सद्भाव हुन्थ्यो। तर, आजभोलि मानिसलाई आफ्नो परिवारको निमित्त पनि समय छैन। पहिला घरका सदस्य जमघट हुँदा भलाकुसारी गर्थे, एकअर्काको हालखबर सोध्थे। तर, अब कसैको घरमा जानुहोस् अहिले त खबरखाबर सोध्ने, सन्चो-विसन्चो सोध्नेभन्दा पनि इन्टरनेटको पासवर्ड हतारिँदै माग्छन्। आगन्तुक र उनीहरु जमघटमा रमाइलो गर्नुभन्दा बढी समय मोबाइलमा बिताउँछन्। अहिलेको समयमा मानिस टेलिभिजन, मोबाइल इन्टरनेट, ल्यापटप अन्य ग्याजेट सामग्रीको कारण आत्मकेन्द्रित हुँदै गएको छ। मानिस आफ्नो सामाजिक दायरालाई संकुचित गरेर आत्मकेन्द्रित भइरहेको छ। तर, अब हामी आफ्नै जीवनलाई अझ रमाइलो र उपयोगी बनाउनका निमित्त आफ्नो जीवनशैलीमा केही सुधार गरेर जीवनको वास्तविक सुखको आनन्द लिन सक्छौं। त्यसका लागि यस्ता कुरामा विचार गर्नुपर्छ :



- तपाईं कहिलेकाहीँ उदाउँदो सूर्यलाई हेर्नुहोस वा सूर्यलाई बादलको पछाडि जाँदै गरेको दृश्य हेर्नुहोस्। बिहान चराचुरुंगीको मिठो चिरविर-चिरविरको आवाज सुन्नुहोस्। आजभोलि राति १२ बजे सुत्नु बिहान ७-८ बजे उठ्दा यस्तो दृश्य नेदेख्नेहरुले कहिलेकाहीँ बिहान उठेर यस्तो दृश्यको आनन्द लिनुहोस् तपाईलाई खुशी प्राप्त हुन्छ।
- कहिलेकाहीँ कुनै साधारण वा मूल्यवान वस्तु हराएको हुन्छ जति खोज्दा भेट्दैन, तर अकस्मात केही दिन पश्चात भेटिन्छ। त्यसबेला हामीलाई कति खुशी लाग्छ। त्यस्तै कहिले दराज सफा गर्दा पैसा भेटिन्छ जुन हामीलाई याद नै हुँदैन यस्तो पैसा भेट्दा हामीलाई बेग्लै आनन्द हुन्छ।
- कहिलेकाहीँ कुनै कुरा सम्झेर उदास हुन्छौं, तर कुनै सानो बालबालिकाको निश्चल मुस्कान र मायाले हाम्रो सम्पूर्ण दुःख-पीडा हराउँछ। खुशी पनि एक प्रकारको संक्रामक रोग जस्तै हो, यसलाई नरोके यो रोग सबैमा फैलिन्छ। यो सरुवा रोग हो। यो एक मुटुबाट अर्को मुटुमा जान्छ। तर, हामी अहम् र द्वैषको कारण अरुसँग खुलेर हाँस्न, बोल्न बन्देज गर्छौं। खुशी मानिसबाट प्राप्त हुँदैन, यो अन्जान मानिसको एक मुस्कानबाट पनि प्राप्त हुनसक्छ।
- बाल्यकालको बेला आमा-बुबासँग घुम्न जाँदा बस, रेलगाडी, हवाइजहाजको झ्याल छेउमा बसेर बाहिरको दृश्य हेर्दै गरेको सम्झना सबैको मन-मस्तिष्कमा सँधै व्याप्त रहन्छ। सानोमा पानी पर्दा कागजको नाउ चलाउँदै गरेको सम्झना। सानो भाइ-बहिनीसँग गरेको प्रेम, झगडा लगाइएको कुरा जहिल्यै सम्झिँदा मन हर्षित र प्रफुल्लित हुन्छ। त्यसकारण फुर्सदमा यस्तो कुरा याद गर्दै गर्नुहोस्।
- तातो घाममा जीऊबाट पसिना बगिइरहेको हुन्छ। यस्तो अवस्थामा पंखाको मुनी बस्दा पनि करेन्ट नहुँदा पंखा चल्नैद। तर, अकस्मात विद्युत् आएर पंखा चल्दा हामी कति आनन्दित हुन्छौं। त्यस्तै चिसो हावाको साथ पानी पर्दा त्यो पानीको स्पर्शले अचानक हाम्रो अनुहारमा खुशी ल्याइदिन्छ। त्यस्तै बाहिर केटाकेटीहरुले फुटबल खेलिरहेको हुन्छन्, त्यो बल अकस्मात हाम्रो अगाडि आउँदा हामी एक किक मारेर बल फर्काउँछौं त्यसबेलाको खुशी हामी लाखौं खर्चेर पनि किन्न सक्दैनौं। त्यसबेला हामीभित्रको बच्चा हाँसी रहेको हुन्छ। परिस्थिति जस्तो होस् आफूभित्रको बच्चालाई नमार्नुहोस्, सधै खुशी रहनुहोस्।
- ठूलो शहरमा गाडी चलाउँदा ट्राफिक जाम हुँदा बाटोमा बालबालिका, वृद्धवृद्धा फूल, पर्स, बेलुन लगायतका सामग्री बेचिरहेको हुन्छन्। आवश्यकता नहुँदा पनि उनीहरुलाई सेवा र सहयोगका उद्देश्यले केही खरिद गरिदिनुहोस्। तपाईंको सानो सहयोगले उनीहरुले तपाईंलाई आर्शीवाद दिन्छन्। र, यो कार्य गर्दा तपाई आफै खुशीले भावविभोर हुन सक्नु हुन्छ।
- तपाईं घरमा हुनुहुन्छ वा बाहिर हुनुहुन्छ, कसैलाई रगतको आवश्यकता हुन्छ, रक्तदान गर्नुहोस्। तपाईंको सानो सहयोले कसैले जीवनदान पाउँछ। अनाथहरुको सहयोग, वृद्धवृद्धाको सहयोगले हामीलाई आन्तरिक खुशीको साथ मानसिक खुशी र सन्तुष्टि पनि प्रदान गर्दछ। मानव सेवा गरे वापत मानिसले आत्मसन्तुष्टि प्राप्त गर्छ।

यो जीवन र यो शरीर एकपटकको लागि मात्र हामीले प्राप्त गरेका छौं। त्यसकारण यस जीवनमा हामी एकआपसमा प्रेम, माया, सद्भाव, सहिष्णुताको साथ बाँच्नुपर्छ। भोलि के हुन्छ कसैलाई थाहा छैन। तर, त्यही भोलिका लागि हामी निरन्तर पैसाको पछाडि दौडिरहेका छौं, त्यो पैसाले आवश्यकता पूर्ण हुन्छ। वास्तविक खुशी हुँदैन। पैसा हुँदाहुँदै पनि शरीरमा रोग लाग्यो भने सबैथोक हुँदा खान मन लागेको कुरा खाना सकिँदैन। राम्रो ओछ्यान हुँदाहुँदै पनि भुइँमा सुत्नुपर्छ। खानेकुराको व्यञ्जन हुँदा पनि सुख्खा रोटी खानुपर्छ। त्यसैले आफू खुशी र सुखी हुनुभयो भने स्वस्थ रहनुहुन्छ।

घरपरिवारलाई बेवास्ता गरेर दिनरात कामको व्यस्तताले श्रीमतीलाई समय नदिँदा ऊ परपुरुषतिर लम्किन्छिन् अनि छोराछोरी पनि कुन बाटो गइरहेका छन् थाहा हुँदैन। त्यसकारण सचेत हुनुपर्छ। प्रकृतिको नियम अँगालेर अघि बढ्नुपर्छ। पैसा जरुरी छ। तर, आवश्यकताभन्दा बढी पक्कै होइन। त्यसकारण ठूलो खुशीको बाटो पर्खिनुभन्दा सानो-सानो कुरामा खुशी खोजी गरेर जीवन आनन्दका साथ बिताउनुपर्छ।

# कचनकबलमा ४७ करोड ६० लाख, निःशुल्क शिक्षादेखि डाइलोसिससम्म

पार्थ मण्डल



**भद्रपुर, साउन २।** शिक्षा, कृषि, स्वास्थ्य र पर्यटनलाई विशेष प्राथमिकता राखेर कचनकवल गाउँपालिकाले चालू आर्थिक वर्ष २०७६/०७७ को नीति, बजेट तथा कार्यक्रम सार्वजनिक गरेको छ ।

भारतीय सीमा नाकासँग जोडिएको नेपालकै सबैभन्दा होचो भू-भाग रहेको यस गाउँपालिकाले चालू आर्थिक वर्षमा शिक्षा, कृषि, स्वास्थ्य र पर्यटनलाई विशेष प्राथमिकता राख्दै ४७ करोड ६० लाख बराबरको बजेट सार्वजनिक गरेको छ । गाउँपालिकाको चौथो गाउँसभाबाट पारित नीति, बजेट तथा कार्यक्रम गाउँपालिकाले प्रतिनिधि सांसद राजेन्द्र लिङ्देनको प्रमुख आतिथ्यमा पत्रकार सम्मेलन मार्फत बजेट सार्वजनिक गरेका हुन् ।

गाउँपालिकाका अध्यक्ष अन्जरा आलमले नीति, बजेट तथा कार्यक्रम प्रस्तुत गर्दै चालू आर्थिक वर्ष २०७६/०७७ को बजेटमा केन्द्रीय सरकारको वित्तीय समानीकरणबाट १२ करोड ६० लाख, राजश्व बाडफाडबाट नौ करोड ६२ लाख, प्रदेश सरकारको वित्तीय समानीकरण तथा राजश्व बाडफाडबाट ५५ लाख ५४ हजार, आन्तरिक आयबाट दुई करोड, केन्द्रीय सरकारको सशर्त अनुदानबाट १६ करोड ३४ लाख, तराई मधेस समृद्धि कार्यक्रमबाट १० करोड, संघीय तथा प्रदेश सांसद पूर्वाधार विकास कार्यक्रमबाट दुई करोड ५० लाख र अन्य स्रोतबाट दुई करोड ९८ लाख ५५ हजार रहेको जानकारी दिए ।

चालू खर्चमा छ करोड ८१ लाख, सशर्त अनुदान चालू खर्चतर्फ १३ करोड ७६ लाख ९४ हजार र पुजिगज खर्चतर्फ दुई करोड ५७ लाख ६ हजारी गरी जम्मा १६ करोड ३४ लाख, शिक्षामा १० करोड, स्वास्थ्यमा १५ करोड, कृषिमा सात करोड ५० लाख, संस्कृति तथा पर्यटन विकासमा एक करोड ५५ लाख, पशु सेवामा तीन करोड ५० लाख, सहकारीमा ५० लाख, महिला तथा बालबालिकामा एक करोड, वनमा १० लाख, युवा तथा खेलकुदमा १० लाख , खानेपानीमा पाँच लाख, विद्युत्मा ५० लाख लगायत विभिन्न शीर्षकमा रकम विनियोजन गरेको अध्यक्ष आलमले जानकारी दिए । यता गत आर्थिक वर्षमा गाउँपालिकाको बजेट ५३ करोड २१ लाख २५ हजार रहेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत तुलाराज थापामगरले जानकारी दिए ।

निःशुल्क शिक्षादेखि पर्यटन प्रवर्द्धन सद्भावना दूतमा गायक खरेलसम्म गाउँपालिकाले चालू आर्थिक वर्षदेखि देखि कक्षा १२ सम्म सबै विद्यार्थीहरूलाई निःशुल्क शिक्षा तथा छात्रालाई क्याम्पस तहसम्म निःशुल्क शिक्षाको व्यवस्था गरिएको, एक वडा एक नमूना बाल कक्षा सञ्चालन गर्ने, सबै विद्यालयमा अनिवार्य कम्प्युटर शिक्षाको व्यवस्था गरेको छ ।

मदरसा र गुरुकुल शिक्षालाई विद्यालय शिक्षासँग आवद्ध गर्दै जाने, सुलभ औषधि पसल सञ्चालन गर्ने विद्यालयको पढाइमा पुरस्कार र दण्डको व्यवस्था गर्ने, प्राथमिक स्वास्थ्य चौकी बनियानीमा मृगौलाका रोगीहरूलाई डायलासिस सेवा सञ्चालन गर्ने, खेत बाँझो नराख्न कृषकलाई मोटर बोरिङ, मल, बीऊ तथा औजार वितरण गर्ने, आर्ग्यानिक खेतीलाई विशेष प्राथमिकता र प्रोत्साहन प्रदान गर्ने, माछापालन र आर्ग्यानिक तरकारी खेतीमा विशेष प्रोत्साहन र अनुदानको व्यवस्था, धान सुपरजोनको कार्यक्रमलाई अझ व्यवस्थित, पारदर्शी र प्रभावकारी बनाउने भएको छ ।

स्थानीय हाटबजारमा स्थानीय कृषकले आफै उत्पादन गरेर स- साना इकाईमा बिक्रीका लागि ल्याउने फलफूल तथा तरकारी जन्य वस्तुहरूमा लाग्दै आएको दैनिक हाटबजार कर हटाउने, निर्माणाधीन पुल कल्भर्ट र बाटाहरू यसै वर्ष सम्पन्न गर्ने र बाँकी सबै स्थानका पुल कल्भर्टहरु यसवर्षबाटै एक साथ निर्माण कार्य प्रारम्भ गर्ने, जैविक विविधता र वन्यजन्तुका हिसाबले अत्यन्तै महत्वपूर्ण जलथल जंगल र नेपालकै सबैभन्दा होचो स्थान कचनकवलको पर्यटकीय विकास र प्रवर्द्धनमा विशेष काम गर्ने, बेरोजगार युवा लक्षित तालिम केन्द्र र स्वरोजगार कोषको स्थापना, सीप भएका र तालिम केन्द्र मार्फत सिप सिकेका युवाहरूलाई साना घरेलु, कुटीर उद्योग र व्यवसाय सञ्चालनका लागि अनुदान तथा ऋणको व्यवस्था, तीन सय जनाभन्दा बढीलाई रोजगार प्रदान गर्ने वातावरणमैत्री रोजगार मूलक उद्योग स्थापना गर्न चाहने उद्योगीलाई १० वर्षसम्म सबै प्रकारको स्थानीय कर छुट दिने र बिजुली बाटो लगायतका पूर्वाधार निर्माणमा गरिदिने, विकास निर्माणका कार्यहरूलाई प्रभावकारी र परिणाममुखी बनाउन महिला मात्र सहभागी भएको टोल विकास संस्थालाई स्थायी उपभोक्ता समितिको रूपमा जिम्मेवारी प्रदान गर्ने भएको छ ।

त्यस्तै आर्थिक रूपमा कमजोर तथा सामाजिक हिसाबले पछाडि परेका गन्धर्व जातिलाई निःशुल्क स्वास्थ्य बिमाको व्यवस्था, कचनकवल डुबानका मुख्य कारणहरू मेची नदीको भद्रपुर- ३ को भैसाबारी, कचनकवल- ५ को पाठामारी, कचनकवल- ४ को पोकलावान र विरिङ नदीको बाह्रदशी- १ को भागडुब्बा खण्डमा तटबन्धन कार्य सम्पन्न गरी कचनकवल डुबान समस्या सधैंका लागि अन्त्य गर्न सम्बन्धित निकायहरूलाई ध्यानाकर्षण गराउने, आगामी दिनमा करका दरमा वृद्धि भन्दा आम्दानीको स्रोतहरूको विकास र पहिचानलाई प्राथमिकता प्रदान गर्ने नीति तथा कार्यक्रमहरू प्रमुख प्राथमिकतामा रहेको अध्यक्ष आलमले जानकारी दिए ।

## गायक प्रमोद खरेल सद्भावना दूत नियुक्त

**कचनकबल, साउन २।** ख्याति प्राप्त नेपाली गायक प्रमोद खरेललाई झापाको कचनकबल गाउँपालिकाले सद्भावना दूत नियुक्त गरेको छ ।

नेपालको सबैभन्दा होचो स्थानमा रहेको सो गाउँपालिकाले पर्यटकीय प्रवर्द्धनमा सघाउ पुग्ने अपेक्षा गर्दै सोही ठाउँमा जन्मेका गायक खरेललाई चौथो गाउँसभाबाट सद्भावना दूत नियुक्त गरेको गाउँपालिकाका अध्यक्ष अञ्जार आलमले बताए ।

## नकलबन्दाबाट तीन लाखको सुर्ती बरामद



**भद्रपुर, साउन २।** भारतबाट अवैध रूपमा भन्सार छलेर नेपाल भित्र्याइएको करिब तीन लाख मूल्य बराबरको सुर्ती बरामद गरिएको छ ।

प्रहरी कार्यालय झापाबाट खटिएका प्रहरी सहायक निरीक्षक टेकेन्द्र सेन्ताङको कमाण्डमा खटिएका टोलीले मेचीनगर नगरपालिका- ६ स्थित नकलबन्दाबाट उक्त मूल्य बराबरको सुर्ती बरामद गरेको प्रहरी कार्यालय झापाले जनाएको छ ।

प्रहरीका अनुसार भारतबाट भन्सार छलेर नेपाल भित्र्याइएको सुर्ती लुकाई-छिपाई राखेको गोप्य सूचनाको आधारमा तीन सय केजी परिमाणको सुर्ती फेला परेको हो ।


## कोरियन भाषा

दक्ष प्रशिक्षकद्वारा कोरियन भाषाका कक्षाहरु बिहानदेखि बेलुकैसम्म सञ्चालन भइरहेको छ ।
**हाम्रा विशेषताहरु :**
- प्रत्येक हप्ता EPS Topik अन्तर्गत प्रश्नहरुको Exam गराइने ।
- ग्रुपमा आउनेलाई विशेष छुट ।
- कोरियन ग्रामरलाई विस्तृत रुपमा पढाइने ।
- परीक्षासम्म नै पढाइने ।

नोटः असार र साउनमा भर्ना हुने विद्यार्थीलाई विशेष छुट ।

सम्पर्क : **सुविधा टेक्नीकल इन्स्टीच्युट**
पश्चिम बस स्टेण्ड, हिमरेश मार्ग बिर्तामोड, झापा
फोनः ९८६२६१६५४६, ९८१७०२६७७७

## प्राविधिक तालिमको अवसर स्वरोजगार र आत्मनिर्भर

नेपाल सरकारबाट मान्यता प्राप्त यस गन्तब्य टेक्निकल ईस्टिच्युटमा बिभिन्न कम्प्युटरका तालिमहरु, मोवाईल फोन मर्मत प्राबिधिक ब्युटिसियन साथै सर्म्पूण बिषयका ट्युसन (१ देखि १२ सम्म) र अंग्रेजी भषाको कक्षाहरु धमाधम हुँदैछ । विपन्न, जेहेन्दार, लक्षित वर्गका तथा दुर्गम क्षेत्रका बिध्यार्थिहरुलाई छात्रवृत्तिको पनि ब्यवस्था गरिएको छ ।

सम्पर्क : **गन्तब्य टेक्निकल इस्टिच्युट**
पुरानो खानेपानी ट्यांकी अगाडि, कन्काईरोड बिर्तामोड (फोन नं. : ०२३-५४३७५१)
मोवाईलः ९८१८७२४१३५, ९८१६०२६१७१, ९८४२७३०८२४, ९८४३२२९५३०

## झापाको बिर्तामोडदेखि इलामको रविसम्मको दैनिक आरामदायी यात्राको लागि हामीलाई सम्झनुहोस्

दानावारी, महमाई, लारुम्वा, रविसम्म गाडी छुट्ने समयः
बिहान : ७:३० , ८ :३० , ९ :१५ , १० :१५ , ११ :१५ , १२ :१५ ,
बेलुका : ०२:१५ दानाबारीसम्म । ०२:४५ सानो वर्दुसम्म ।
बिर्तामोडबाट रविसम्म जाने गाडी नम्बरहरु :
मे १ ज ५६४, मे १ ज १७९९, मे १ ज ५४६, मे १ ज ६२५, मे १ ज ३०७
काउण्टर इन्चार्ज सम्पर्क नम्वरहरु :
बिर्तामोडबाट दानावारी : ९८४२६२३१५२ सीताराम आचार्य (काका)
बिर्तामोडबाट रवि : ९८१५९९०३४४ वीरेन्द्र राई

## पाथीभरा सिने प्लाजा बिर्तामोडमा चलिरहेछ

| (हल ए) नेपाली सिनेमा | (हल बी) हिन्दी सिनेमा |
|---|---|
| पहिलो शो ११:४५ घर | पहिलो शो ११:४५ The Lion King 3D |
| दोस्रो शो २:४५ घर | दोस्रो शो २:४५ The Lion King 3D |
| नाइट शो ७:१५ घर | तेस्रो शो ७:१५ The Lion King 3D |

२०७५।१२-१५ देखि अनलाइन बुकिङ्ग खुल्ला गरिएको ।
www.pathivaracineplaza.com
बुकिङ्ग गरेको टिकट आधाघण्टा पछि स्वतः क्यान्सिल हुनेछ ।
फोन नं. ०२३-५४६४३६

## हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।
**जाँच तथा उपचार हुने समस्याहरु**
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)

## राजगढमा चलिरहेछन् यी चलचित्रहरू



**नयाँ रिलिज चलचित्रहरू**
पहिलो शो १२:०० बजे Appa (नयाँ रिलिज नेपाली)
दोस्रो शो ३:०० बजे Kabir Singh (नयाँ रिलिज हिन्दी)
तेस्रो शो दिउँसो ७:४५ बजे Malaal (नयाँ रिलिज हिन्दी)

एभरेस्ट डिजिटल सिनेमा हल, राजगढ, झापा
टिकट अग्रिम बुकिङको लागि सम्पर्क नं. मो. ९८१७९५९७१०

## बिना अपरेशन सफल उपचार

दक्ष एवम् अनुभवी डाक्टरहरुद्वारा दैनिक चेकजाँच तथा सफल उपचार ।
**उपचार हुने समस्याहरु :**
- कम्मर, गर्दन दुख्ने, घुडा दुख्ने, नशा च्यापिएको, शरीर झम्झमाउने
- थाइराइड, कोलेस्ट्रोल, ग्याष्ट्रिक, कब्जियत
- पायल्स, फिसर, फिस्टुला, पिनास, सुगर, प्रेसर
- खोकी, जण्डिस, छातीको दाग, मृगौलाको पत्थरी, एलर्जी, डण्डीफोर
- महिला तथा पुरुषका गुप्त रोगहरु, माइग्रेन, अनिद्रा, प्रोस्टेट
- बाथ युरिक एसिड, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको आदि ।

**बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर**
(अष्टाङ्ग आयुर्वेद फार्मेसी) बिर्तामोड-१ कोल्ड स्टोर छेउ फोन . न. ०२३-५४१४६६/९८०६०००३१३

# वर्गीकृत विज्ञापन

## साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई


झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।



सम्पर्कः ९८१४९९३७१२, ९८६२६४८२८२
९८४२६७७८५५, ९८२४९८११७४

## सेफ्टी ट्याङ्की तथा ढल सफाई

पूर्वाञ्चल कै अत्याधुनिक डिजिटल प्रविधि भ्याकुमसिस्टमको ठूलो ट्यांकीबाट सस्तोमा दुर्गन्धरहित सेफ्टीट्यांकी सरसफाइ गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।।



९८४२६५५७००, ९८१५९२८५०० (कुमार)
९८०७९३०७४० (राजेश हिरजङ्ग)
९८१८९१७३१० (साविर)

## कर्मचारी आवश्यकता

कुक : १० जना
वेटर : १२ जना (महिला/पुरुष)
क्लिनर : ५ जना (महिला/पुरुष)
साथै घरमा काम गर्ने ७ जना महिला आवश्यक परेको छ। खान/बस्नसहित ।

**नेपाल जब्स केयर सर्भिस प्रा.लि.**
अतिथि सदनको पश्चिमपट्टी जेसीज भवन पछाडि,
फोन : ०२३-५४६६८३
मो.: ९८२५९८७९००

## घर भाडामा

भद्रपुररोड (Ncel Center Building) को First Floor मा ३८०० स्क्वायर फिट र Ground Florr मा 600 स्क्वायर फिट क्षेत्रफल भएको घर भाडामा छ ।

सम्पर्क :
मो. ९८५२६७७५०५

## छापाखाना

बिभिन्न किसिमको विवाह कार्ड उपलब्ध छ
फोटोकपि, स्टाम्प (छाप), अफसेट प्रिन्ट, स्क्रीन प्रिन्ट, फ्लेक्स प्रिन्ट, होर्डिङ्ग बोर्ड, लेमिनेशन, डिजिटल प्रिन्ट
घिमिरे अफसेट प्रेस बिर्तामोडमा

## आकर्षक जग्गा बिक्रीमा

झापाको धुलाबारीस्थित बासबारी पर्यटकीय क्षेत्र अगाडि व्यापार व्यवसाय गर्न अति उपयुक्त आकर्षक जग्गा बिक्रीमा छ। खरिद गर्न चाहने इच्छुकले सिधै सम्पर्क गर्नहोला ।
सम्पर्क : ०२३-५४५९०६, ९८५२६७३५८४, ९८०४९४६७१४, ९८२४९०२०५९

## कोरियन भाषा



बिहान ६ बजेदेखि बेलुका ६ बजेसम्म
कोरियन भाषाका लागि ग्लोबल पिस नै किन ?

**GLOBAL PEACE**
Int'l Education Academy Pvt.Ltd.
Shanischare Road, Birtamod, Jhapa
Tel : 023-546214 | 9815078744

## नेपालीहरूको लागि भरपर्दो सेवा मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ्ग सेन्टर

भारतको पानीटंकीस्थित नेपालीहरूको एक मात्र मोटरसाइकल पार्ट्सका सामान होलसेलमा शुपथ मूल्यमा पाउनुका साथै ग्यारेन्टीका साथ सर्भिसिङ पनि गरिन्छ ।

**निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर**
पानीटंकीको पहिलो गल्ली बायाँ साइड
निशान्त - ८३७२०७८४५४/ ८३४८४७३७१७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)

## कन्काई हस्पिटल प्रा. लि.

बिर्तामोड, झापा विशेषज्ञ सेवा हाम्रो प्रतिबद्धता सबैको पहुँचमा हाम्रो स्वास्थ्य सेवा

**डा.सन्तोष कु. मिश्र** — वरिष्ठ ल्याप्रोस्कोपि तथा जनरल सर्जन पिसफार विशेषज्ञ तथा इन्डोस्कोपिष्ट दैनिक सेवा
**डा.रोशन अटल** — वरिष्ठ हाडजोर्नी नशा,बाथरोग विशेषज्ञ तथा ट्रमा सर्जन दैनिक सेवा
**डा.पुष्पेन्द्र लिम्बु** — वरिष्ठ एनेस्थेसियोलोजिष्ट तथा क्रिटिकल केयर विशेषज्ञ दैनिक सेवा
**डा.डि.के. आचार्य** — वरिष्ठ मुटु रोग विशेषज्ञ तथा फिजिसियन दैनिक सेवा
**डा.सबिन मानन्धर** — नवजात शिशु तथा बाल रोग विशेषज्ञ दैनिक सेवा
**डा.मो.अक्तर अली** — वरिष्ठ रेडियोलोजिष्ट तथा इमेजिङ्ग विशेषज्ञ दैनिक सेवा
**डा. गौरव राज ढकाल** — MBBS, MS, ORTHO (KU), ASSI SPINE FELLOWSHIP (PARK CLINIC, KOLKATA, INDIA), NASS CLINICAL TRAVELLING SPINE FELLOWSHIP (USA), वरिष्ठ स्पाईन (मेरुदण्ड) विशेषज्ञ/सर्जन, राष्ट्रिय ट्रमा सेन्टर काठमाण्डौबाट
**डा. विकास जैशी** — MBBS, MD, DM Hepatology (NAMS), वरिष्ठ लिभर (कलेजो, पेट, ग्याष्ट्रिक, अल्सर, जण्डिस, हेपटाइटिस रोग विशेषज्ञ
**डा. मुक्ति आचार्य** — MBBS, MD (TU), वरिष्ठ मानसिक, नशा तथा मनोरोग विशेषज्ञ, यस पटक मिति २०७६/०३/०७ सनिबार आउँदै हुनुहुन्छ ।
**डा.रोसन आचार्य** — वरिष्ठ नाक,कान,धाटी रोग विशेषज्ञ प्रत्येक विहिबार
**डा.सि.वि झा** — वरिष्ठ छाला यौन तथा सौन्दर्य रोग विशेषज्ञ प्रत्येक दिन २:०० बजे पछी ।

नेपाल सरकार स्वास्थ्य विमा कार्यक्रम सञ्चालन भइरहेको जानकारी गर्दछौं।

**२४सै घण्टा उपलब्ध सेवाहरु**
- आकस्मिक तथा आपतकालिन सेवा
- आधुनिक भेन्टिलेटर सहित ICU सेवा
- जनरल तथा ल्याप्रोस्कोपी शल्यचिकित्सा
- आधुनिक एनलाइजर सहित प्याथोलोजी सेवा
- आकस्मिक दुर्घटनाको विशेष सुविधा तथा उपचार
- आधुनिक अमेरिकन कम्पनिको आर्थोस्कोपी मेसिनद्वारा जोर्नी फेर्ने र जोर्नी सफा गर्ने सर्जरी
- फार्मेसि सेवा
- ५०० ma डिजिटल x-ray सेवा
- जनरल फिजिसियन चिकित्सा सेवा
- स्त्री तथा प्रशुति शल्यचिकित्सा
- हाडजोर्नी तथा नशा शल्यचिकित्सा

जानकारी तथा नाम दर्ताको लागि ०२३-५४३८०७,५४३८१८,५४००७८ ९८११३३५६२४




ज्यो. मधुसूदन रिजाल (स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** आवेशको निर्णयले समस्या निम्त्याउनेछ सजग रहनुपर्ला । इर्ष्या गर्नेहरूले काममा अवरोध पुऱ्याउन सक्छन् ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** अरूको व्यवहारले शंका उब्जाए पनि मान्यजनको सुझाव शिरोधार्य गर्दा फाइदा हुनेछ । मेहनत गर्दा जटिल काम समेत सम्पादन हुनेछ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** आफन्तले उत्साह जगाउने छन् र दिगो फाइदा हुने काम प्रारम्भ हुनेछ । टाढिएका साथीभाइ नजिकिने छन् ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** चिताएको काम पूरा गर्न नसकिएला । आफ्नो मेहनतबाट अरूले फाइदा उठाउने चेष्टा गर्ने छन् ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** मौका आए पनि काम थाल्नुअघि राम्ररी विचार पुऱ्याउनुहोला । व्यवसायमा बाधा पुग्नेछ भने अरूका लागि बुद्धि खर्चनुपर्ने देखिन्छ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** सेवामूलक कामबाट राम्रो उपलब्धि प्राप्त हुनेछ। ठूलो फाइदा नदेखिएकाले हिसाबकिताबमा होसियार रहनुहोला ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** समयमा वचन पुऱ्याउन नसक्दा अरूले आलोचना गर्न सक्छन् । बेसुरमा बोल्ने बानीले वादविवाद निम्त्याउन सक्छ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** परिस्थितिको बन्धनले पनि स्वतन्त्रतामा बाधा पुऱ्याउला । महत्वाकांक्षी योजना गोप्य राखेर अघि बढ्नुपर्ला ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** बुद्धिको उपयोगले विद्या तथा धन आर्जन हुनेछ भने सानो प्रयत्नले ठूलो काम बन्ने सम्भावना देखिन्छ । मेहनतले सम्मानित स्थान दिलाउन सक्छ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** अवसर प्राप्त भए पनि भूलवश काममा बाधा होला । बेसुरको निर्णयले समस्या निम्त्याउनेछ । आफ्ना कमजोरी माथि टिप्पणी हुन सक्छ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** शुभचिन्तकहरूले अप्ठ्यारो पर्दा साथ दिने छन् । दोहोऱ्याएर प्रयास गर्दा रोकिएको काम बन्नेछ । परिवारजनको साथ लिनु होला ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** बिछोडिएका आफन्तजनसँग भेटघाटको अवसर जुट्नेछ । आफ्नो सूचना बाहिरिने समय रहेकाले गोपनीयतामा विशेष ध्यान पुऱ्याउनुहोला ।

# ‘सहयोगका नाममा चाउचाउ र चिउरा बोकेर गाउँ नपस’





**बिर्तामोड, साउन २।** विपद्का बेला उद्दार र राहत पहिलो प्राथमिकता हो । तर, गौरीगञ्जबासीले भने सहयोगका नाममा चाउचाउ र चिउरा बोकेर गाउँ नपस्न भनेका छन् ।

आफ्नै आँखा अगाडि सात सय परिवारलाई माई खोलाले उठिबास लगाएको भन्दै गौरीगञ्ज गाउँपालिका-१ का रामभक्त सुनुवारले राहतको सामग्री चाउचाउ र चिउरा लिएर गाउँ नपस्न प्रमुख जिल्ला अधिकारीलाई भने । बाढी प्रभावित क्षेत्रको अनुगमनका लागि प्रमुख जिल्ला अधिकारी जनकराज दाहालसहित प्रहरी उपरीक्षक दिनेशराज मैनालीसहितको टोली बुधबार गौरीगञ्ज पुगेको थियो ।

गौरीगञ्ज गाउँपालिका- १ होकलबारीमा १२ वर्षअघि निर्माण गरिएको बाँध माई खोलाले फुटाएर बाढी गाउँ पसेपछि २६ घर परिवार विस्थापित भएका थिए । विस्थापितको अबस्था र खोलाको स्थलगत निरीक्षणका लागि पुगेका प्रमुख जिल्ला अधिकारी दाहाललाई होकलबारीको वस्तुगत अवस्थाको विषयमा जानकारी गराउँदै सुनुवारले भने- ‘पहिला यहाँ सात सय परिवार बसोबास गर्थे । कनकाई माइको कटान र डुबानकै कारण यहाँको सिङ्गो बस्ती विस्थापित भयो ।’

१२ वर्षअघि जनताको तटबन्धनले होकलबारीमा बाँध निर्माण गरेपछि अहिले ९६ परिवार यहाँ बसोबास गर्छन् सुनुवारले भने- ‘यसपटक माई खोलामा आएको बाढीले बाध भत्काउँदा होकलबारी बस्तीका २६ परिवार पूर्ण रुपमा विस्थापित भए । बाढीका कारण विस्थापित बनेका स्थानीय इन्द्रेणी आधारभूत विद्यालयमा आश्रय लिएर बसे, पानी घटेपछि मानिस फर्किए पनि उनीहरुको अन्न पात अझैं उतै त ।’

बढीले सयौं विगाह जमिन कटान गरेको भन्दै हरेक वर्ष वर्षायाममा बाढी प्रभावित क्षेत्रमा रेडक्रस लगायतको टोली राहात बोकेर आउने गरेको तर त्यसपछि यस क्षेत्रको विपदका विषयमा जानकारी लिन कोही पनि फर्केर नआउने गरेको उनले बताए । उनले भने- ‘वर्षौं भयो यहाँका स्थानीयले सास्ती झेलेको । तर, हाम्रो दुःख कसैले बुझेन । मैले जान्दा यहाँ ठूलो बस्ती थियो । सात सय परिवार यही बस्थे । तर, वर्षेनि माई खोलाले कटान गर्दै सयौं विगाह खेतीयोग्य जमिन बगर बनायो अनि झण्डै सात सय परिवारलाई विस्थापित बनायो ।’

प्रमुख जिल्ला अधिकारी दाहाललाई सुनुवारसँगै स्थानीय टंक श्रेष्ठले समेत यस ठाउँमा तत्कालको राहतभन्दा दिर्घकालीन योजनाहरु लिएर मात्रै गाउँ पस्न आग्रह गरे । उनले भने- ‘यहाँका स्थानीयबासीलाई सुरक्षित गर्दै डुबान र कटान रोक्न कनकाई खोलामा तटवन्धन जरुरी छ ।’ वर्षेनि आउने बाढीले हाम्रो दुःख छताछुल्ल पार्छ । तर, सहयोग भने चाउचाउ र चिउरा मात्रै हुन्छ उनले भने- ‘अब हामीलाई चाउचाउ र चिउरा होइन सिडियो साव यहाँको बस्ती सुरक्षित गर्न तटवन्धनका योजनाहरु लिएर मात्रै गाउँ आउनुहोस् ।’

### घर–घरम सिडियो

डुबान र कटान क्षेत्रको स्थलगत अनुगमनका लागि गौरीगञ्ज गाउँपालिका-१ होकलबारी पुगेका प्रमुख जिल्ला अधिकारीले त्यहाँका बाढी प्रभावितको घर-घरमा पुगेर वस्तुस्थिति बुझेका छन् । उनले स्थानीय तहसँग समन्वय गर्दै नदी नियन्त्रणका लागि तटबन्ध लगायतका स्थायी योजना तयार गरी बाढीबाट वस्ती जोगाउन पहल गर्ने बताए ।

उनले भने- ‘आजैबाट तपाईहरु बाढीले पुऱ्याएको क्षतिको लगत संकलन गर्नुहोस्, राहतका लागि मेरो पहल रहन्छ, नदीमा तटबन्धका लागि समेत योजना बनाउँदै म कहाँ लिएर आउनुहोस् माथिबाट योजना स्वीकृत गराउने काम मेरो भयो ।’

### कटानको क्षति संकलन गर्न ज्ञान केन्द्रलाई निर्देशन

प्रमुख जिल्ला अधिकारी दाहालले होकलवारीमा कनकाई नदीले बाँध फुटाएर पुऱ्याएको क्षतिको विवरण संकलन गर्न कृषि ज्ञान केन्द्रका प्रमुख शालिकराम भट्टराईलाई निर्देशन दिएका छन् । उनले माई खोलाको बाढीका कारण कटान क्षेत्रको स्थालगत अनुगमनपछि बाढी प्रभावित क्षेत्रबाटै भट्टराईलाई यस्तो निर्देशन दिएका हुन् ।

## बाढीपहिरोले ९० को मृत्यु, २९ अझै बेपत्ता

**झापा, साउन २।** असार अन्तिम साता वर्षासँगै आएको बाढीपहिरो र डुबानमा परेर अहिलेसम्म ९० जनाको मृत्यु भएको गृह मन्त्रालयको राष्ट्रिय आपत्कालीन कार्य सञ्चालन केन्द्रले जनाएको छ ।

विपदमा परेर अहिलेसम्म २९ हराइरहेका र ४१ घाइते भएको केन्द्रका प्रमुख वेदनिधि खनालले जानकारी दिए । उनका अनुसार झण्डै १२ हजार घरधुरी विस्थापित भएकाले उनीहरुलाई अस्थायी आश्रयस्थलमा राखिएको छ । विपदमा परेर सबैभन्दा बढी रौतहटमा मात्रै १० जनाले ज्यान गुमाएका छन् । ललितपुर र सिराहामा छ-छ तथा मोरङ, भोजपुर, धनुषा, मकवानपुर र सिन्धुलीमा पाँच-पाँच जनाले ज्यान गुमाएका छन् ।

ओखलढुङ्गा, महोत्तरी र डोल्पामा चार-चार तथा झापा, खोटाङ, पर्सा, काभ्रेपलाञ्चोक र काठमाडौंमा तीन-तीन जनाको मृत्यु भएको छ । त्यस्तै सुनसरी, बारा, धादिङ र दाङमा दुई-दुई, इलाम, पाँचथर, संखुवासभा, उदयपुर, सर्लाही रामेछाप, पाल्पा र कपिलवस्तुमा एक-एक जनाको मृत्यु भएको जनाइएको छ ।

बेपत्ता हुनेमा सबैभन्दा बढी डोल्पामा सात, इलाम, मोरङ र सिन्धुलीमा तीन-तीन जना छन् । अहिलेसम्म सर्लाहीमा दुई हजार चार सय, रौतहटमा एक हजार एक सय १०, बारामा एक हजार छ सय ६५, पर्सामा एक सय २०, सिराहामा पाँच सय, मोरङमा एक हजार पाँच सय ३९ लगायत विभिन्न जिल्लामा गरेर झण्डै १० हजार घर विस्थापित भएको केन्द्रले जनाएको छ ।

अहिले राहत वितरण र भौतिक संरचना पुनःनिर्माणको काम तीव्ररुपमा अघि बढिरहेको र अवरुद्ध राजमार्ग खुलाउने प्रयास समेत जारी रहेको गृहमन्त्रालयले जनाएको छ । मन्त्रालयले वर्षा घटेकाले जनजीवन सामान्य हुँदै गएको जानकारी दिएको छ । सरकारी उच्चस्तरीय टोलीले तराईको डुवान तथा बाढीको हवाई एवम् स्थलगत निरीक्षण गरी स्थानीय अधिकारी मार्फत हालको अवस्था र राहत वितरण कार्यबारे जानकारी लिएको थियो ।

## दुर्घटनामा दुईको मृत्यु

**विराटनगर, साउन २।** मोरङको पथरीशनिश्चरे नगरपालिका-१० पूर्वपश्चिम राजमार्गमा बस र पिकअप भ्यान एकापसमा ठक्कर खाँदा दुई जनाको मृत्यु भएको छ ।

प्रदेश नं. १ प्रहरी कार्यालय विराटनगरले दिएको जानकारी अनुसार मृत्यु हुनेहरुमा बसका सहचालक मोरङ कानेपोखरी गाउँपालिका- ३ का ३१ बर्षीय टीकाराम थापा र बसमा सवार नामथर नखुलेका अन्दाजी ३५ बर्षीयका एक पुरुष यात्रु रहेका छन् ।

पश्चिमबाट पूर्वतर्फ जाँदै गरेको को १ ख ४८४२ नम्बरको बसले विपरीत दिशाबाट आउँदै गरेको मे १ च ५३९१ नम्बरको पिकअपलाई ठक्कर दिँदा बस अनियन्त्रित भई उक्त दुर्घटना भएको थियो ।

एक जनाको घटनास्थलमै र सहचालकको उपचारको क्रममा मृत्यु भएको हो । दुर्घटनाका घाइतेहरुको न्यूरो अस्पताल विराटनगर, मोरङ डाइनेष्टिक अस्पताल पथरी र नोबेल अस्पताल विराटनगरमा उपचार भइरहेको प्रहरीले जनाएको छ ।


सेफ्टी ट्याङ्की सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।

**झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**

बिर्तामोड, झापा

सम्पर्क **राजकुमार श्रेष्ठ**

९८४२६३४६२७/९८०६०१०४१०/ ०२३-५४४३४५ अफिस सम्पर्क: ०२३-५४६००५

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

मोबाइल : ९८५२६४६००५



**अर्जुनधारा नगरपालिका**

नगर कार्यपालिकाको कार्यालय

शनिश्चरे, झापा प्रदेश नं. १ नेपाल

**सँधियार नाममा जारी गरिएको सात दिने सूचना**

साविक शनिश्चरे गाविस वडा नं. ८, हाल अर्जुनधारा नगरपालिका वडा नं. ६ बस्ने श्री सर्मिला भट्टराईले निजका नाममा दर्ता कायम रहेको तपशिल बमोजिम जग्गा भवन निर्माण नक्सा पास तथा निर्माण कार्यको अनुमति पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाई सँधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४को दफा ३१को उपदफा ‘क’ प्रयोजनका लागि यो सात दिने सूचना प्रकाशित गरिएको छ ।

तपशिल

१) पूर्वतर्फ श्री रमेश प्रसाई २) पश्चिमतर्फ श्री भुमा भट्टराई

३) उत्तर तर्फ श्री बाटो ४) दक्षिणतर्फ श्री पुण्य विमली

| जग्गा रहेको स्थान | कि.नं. | क्षेत्रफल | नक्सा दर्ता | सर्जमिन | प्रकाशित |
|---|---|---|---|---|---|
| अर्जुनधारा-६ | २९७४,३४६५ | १६०.५८ | २०७६/०३/०४ | २०७५।०३।०५ | २०७६।०४।०२ |



भूमिसुधार कार्यालय भद्रपुर, झापाको

**मोही हकदावी सम्बन्धी सूचना**

निम्न लिखित विवरण भएको जग्गाको जग्गाधनीबाट मोहीले उक्त जग्गा जोतभोग गर्न छाडेको/बेपत्ता भएकोले मोहीको लगतकट्टा गरिपाउँ भनी यस कार्यालयमा निवेदन पर्न आएकोले विशेष अदालत ऐन २०५९को दफा १०(९) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । यस उपर कुनै दावी विरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र आवश्यक प्रमाणसहित यस कार्यालयमा निवेदन दिनुहोला । तोकिएको समय अवधिभित्र विरोध नभएमा भू.सू. ऐन २०२१ बमोजिम मोही लगत कट्टा भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

| जग्गाधनीको विवरण | जग्गा ठेगाना | कि.नं. | क्षेत्रफल | मोहीको नाम, थर |
|---|---|---|---|---|
| दुर्गावति ताजपुरिया | पाँचगाछी-९ | ६९४ | ०-१-० | भातुराम ता.पु./चुलाई धनकुवा |
| ” | ” | ६९५ | ०-१-० | ” |
| दरो देवी खत्वे | कोरोवारी ५ | ९७१ | ०-३-२.५ | समाई/सोनाई सतार |
| ” | ” | ९७२ | ०-३-२.५ | ” |
| धर्मेन्द्र ताजपुरिया समेत | पाँचगाछी-९ | १४५५ | ०-६-२.७५ | रामा/सर्वन लाल ताजपुरिया |
| केशो ताजपुरिया | पाँचगाछी-९ | ६५० | ०-०-१२ | रामा ताजपुरिया |
| ” | ” | ६४९ | ०-०-१२ | चुलाई धानुक |
| ” | ” | १२०१ | ०-१-१९.५ | सर्वन लाल ताजपुरिया |
| ” | ” | १२२३ | ०-१७-२.५ | सत्य नारायण ताजपुरिया |
| ” | ” | १०७२ | १-०-० | सत्य नारायण ताजपुरिया |
| अन्जनी राजवंशी | कोरोवारी-७ | ३०६ | ०-१-५ | कामी ताजपुरिया |
| ” | ” | ५१६ | ०-१५-२ | ” |
| अन्जनी राजवंशी | कोरोवारी-७ | ३२२ | ०-६-० | प्रदेशी राजवंशी |
| ” | ” | १५८३ | ०-१८-५ | ” |
| अन्जनी राजवंशी | कोरोवारी-२ | १२८१ | १-०-० | वच्चु राजवंशी |
| ” | ” | २३४ | ०-०-१७ | ” |
| ” | ” | २४२ | ०-२-५ | ” |
| ” | ” | २४८ | ०-२-१७ | ” |
| ” | ” | २५० | ०-१-३ | ” |
| ” | ” | २६२ | ०-१-० | ” |
| ” | ” | २९५ | ०-२-७ | ” |
| ” | ” | ४६२ | ०-१-७ | ” |
| ” | ” | ४७४ | ०-०-१६ | ” |
| ” | ” | ५८४ | ०-४-८ | ” |
| ” | ” | ५८६ | ०-४-१५ | ” |
| ” | ” | ५८८ | ०-३-५ | ” |
| ” | ” | ८७१ | ०-३-४ | ” |
| ” | ” | ८७३ | ०-५-६ | ” |
| ” | ” | ८८५ | ०-१-४ | ” |
| ” | ” | ८६४ | ०-१०-१५ | ” |
| अन्जनी राजवंशी | कोरोवारी-२ | २६६ | ०-२-१५ | मुगालाल राजवंशी |
| ” | ” | २६९ | ०-२-१० | ” |
| ” | ” | २७८ | ०-१-१० | ” |
| ” | ” | ३२४ | ०-१-१९ | ” |
| ” | ” | ३३१ | ०-२-१५ | ” |
| ” | ” | ३७६ | ०-१-० | ” |
| ” | ” | ३९५ | ०-४-५ | ” |
| ” | ” | ४७३ | ०-२-० | ” |
| ” | ” | ५४१ | ०-१-७ | ” |
| ” | ” | ५६२ | ०-२-२ | ” |



**युरोपमा वैदेशिक रोजगारको अवसर**

Gov Lic No-00342/Bom/Part/1000/3/904/84

Country : **South Africa**

| पद | संख्या | तलब URO | काम | खान/बस्न |
|---|---|---|---|---|
| Wear House (Shoping mall) | 10 | 1000-1500/- | ८ घण्टा २६ दिन | छ/छ |

Country : **Sweden**

| पद | संख्या | तलब | काम | खान/बस्न |
|---|---|---|---|---|
| Facroty Worker | 25 | 1,00000/-NR | ८ घण्टा २६ दिन | छ/छ |

Country : **Poland**

| पद | संख्या | तलब URO | काम | खान/बस्न |
|---|---|---|---|---|
| Fish Packing | 15 | 1000-2000/ | ८ घण्टा २६ दिन | छ/छ |

Country : **Canada**

| पद | संख्या | तलब (US) | काम | खान/बस्न |
|---|---|---|---|---|
| Food packing | 15 | 2000-3500/- | ८ घण्टा २६ दिन | छ/छ |

Country : **Azerbaijan**

| पद | संख्या | तलब (US) | काम | खान/बस्न |
|---|---|---|---|---|
| Form House Worker | 15 | 650/- | ८ घण्टा २६ दिन | छ/छ |

Country : **Vietnam**

| पद | संख्या | तलब (US) | काम | खान/बस्न |
|---|---|---|---|---|
| Waiter | 10 | 800/- | ८ घण्टा २६ दिन | छ/छ |
| River Cruss | 15 | 900/- | | |

**International Agencies (REGD)**

Airport Plaza Building, Bagdogra

ph. +913532550267, +917584019809 +917584019810

Email: vinternational07@gmail.com



**२१ दिनमा नै दुबई पुग्ने सुवर्ण अवसर**

कम्पनी : **BAKEMART L. L. C.** शहर : **DUBAI**

पूर्व स्वीकृति मितिः २०७६/०३/१८ चलानी नं. ६०१४१४३९ लट नं. २२१७७९

| पद | संख्या | तलब AED | तलब NR | खान/बस्न | ओटी | काम | करार |
|---|---|---|---|---|---|---|---|
| Sales Assisstant | १५ (महिला) | १५००/- | ४४,६७०/- | छ/छ | कनिअ | ८ घण्टा २६ दिन | २ बर्ष |
| Waiter/Waitress | १५(महिला/पुरुष) | १५००/- | ४४,६७०/- | | | | |
| Bakery Worker | १५ (पुरुष) | ८००/- | २३,८२५/- | | | | |
| Bike Bider | १० (पुरुष) | १२००/- | ३५,७३५/- | | | | |
| Packing Helper | ८० (पुरुष) | ८००/- | २३,८२५/- | | | | |

नोटः रवर सेन्डाई कम्पनी कतारबाट ८० जना स्काफोल्डरहरुको माग भई आएको छ। इच्छुकले तु–सम्पर्क गर्नुहोला । तलब खान/बस्नसहित ८ घण्टाको १२००QR हुनेछ । २/३ घण्टा ओभरटाइम अनिवार्य चल्छ ।

**सगुन ओभरसिज सर्भिसेज प्रा.लि.** (सगुन होम)

श्रम इजाजत नं. ३९६/०६०/०६१

पो.ब.नं. ३२३, डिल्लीबजार, कालिस्थान–३२

सम्पर्कः ९८०८०७४५९८, ९८०३०७४४३९



**QATAR मा महिला Cleaner को अर्जेन्ट आवश्यकता**

कम्पनी : A to Z Service Company, Doha, Qatar

पूर्व स्वीकृत मितिः- २०७६/०२/३० चलानी नम्बरः- ६०१४०९३३ LT.NO. 221241

पूर्व स्वीकृत मितिः- २०७६/०२/३० चलानी नम्बरः- ६०१४०९३४ LT.NO. 221242

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने.रु. | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक बिदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labourer | १७६ | - | सम्बन्धित काममा दक्ष | 900 | २७,९००/- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |
| 2 | Gen, Cleaner, Worker | - | ७० | | 900 | २७,९००/- | | | | | | | |

नोट :

दुवई, कतार, बहराईन, ओमन र कुवेतमा हाउस मेडमा काम गरेका र अरबीक भाषा बोल्न जान्नेलाई बिशेष प्रायता दिईनेछ ।

फाईनल अन्तरवार्ता सम्बन्धीत कम्पनीको प्रतिनिधीबाट यही साउन २ गते तदनुसार 18 Jul 2019 बिर्तामोडको मोक्ष होटलमा हुनेछ

**कन्टिनेन्टल एच. आर. डी. कन्सल्टेन्ट्स प्रा. लि.**

बालुवाटार, काठमाडौं, नेपाल, फोनः ०१ ४४४५५५

Mob.: +977 9801081775, 9802070510, 9851231775 9801033974, 9863521580, 9813416512

# झापामा बाढीबाट बच्न १७ अर्ब ५९ करोड आवश्यक

**विनोद सापकोटा**

**झापा, साउन २।** झापालाई बाढीको क्षतिबाट मुक्त गराउन १० बर्षअघि स्थापित जनताको तटबन्ध कार्यक्रमले बहुबर्षीय योजना सार्वजनिक गरेको छ।

अघिल्ला बर्षका कार्यक्रमले ठोस परिणाम ल्याउन नसकेपछि कार्यलयले गुरु योजना तयार पार्दै झापाका नदीलाई व्यवस्थापन गरी बाढीबाट हुने कटान र डुवान नियन्त्रणका कार्यक्रम सार्वजनिक गरेको हो।

कार्यालयलाई जिल्लाका कनकाई, रतुवा-मावा नदीको व्यवस्थापनसहितको यसअघि अख्तियारी थियो। जनताको तटबन्ध कार्यलय गैडे माइधारका प्रमुख मेखनाथ शर्माले भने- 'विरीङ र कमल नदीको पनि व्यवस्थानको जिम्मेवारी थपिएपछि बहुवर्षीय कार्य योजनाबाटै झापाका नदीको व्यवस्थान सहज हुने देखिएकाले कार्यालयले नयाँ कार्यक्रम तय गरेको हो।' गत आर्थिक वर्षदेखि मेची नदीको पनि कटान नियन्त्रणका लागि कार्यक्रम सञ्चालन हुन थालेपछि जिल्लामा ठूला नदीको व्यवस्थापनको आसा झापालीलाई अब, पलाएको छ।

जनताको तटबन्धले चुरेसँग सीमाना जोडिएका भेगमा कटान र तल्लो तटीय क्षेत्रमा डुवानको समस्या रहेको औल्याएको छ। 'नदी-नालाबाट बग्ने पानीको बहाव तराईसँग सीमाना जोडिएका स्थानमा तेज भएकाले त्यहाँ कटान हुन्छ।' दक्षिणी क्षेत्रमा जलाधार क्षेत्रबाट भू-क्षय भइ आउने ढुंगा, गिटी, बालुवा लगायतका सामग्री थुप्रिने हुँदा पानी बेग घट्ने र नदीले धार परिवर्तन गरी डुवान हुने समस्या रहेको कार्यालय प्रमुख शर्माले बताएका छन्।

जनताको तटबन्ध कार्यालयले नदीबाट निर्माण सामग्रीको जथाभावी उत्खनन् गर्ने कार्य नियन्त्रण हुन नसक्दा कटान र डुवानको समस्या वर्षेनि भइरहेको दाबी गरेका छन्। उनले भने- 'नदी-नालाको प्रारम्भिक वातावरण परीक्षण (आईईई)को आधारमा निश्चित मापदण्ड तोकेर कडाईका साथ लागू गर्न नसकिए यो समस्या पुस्तौपुस्ता रहिरहन्छ।'

कार्यालयले जलाधार क्षेत्र व्यवस्थापन, नदी किनारमा वृक्षरोपणसहित उपयुक्त ढंगले खोलानालाको उचित व्यवस्थापन गर्न सके बाढीबाट हुने कटान र डुवान नियन्त्रण गर्न सकिने बाढी प्रभावित क्षेत्रका स्थानीयलाई सुझाव दिएको छ। नदीको व्यवस्थापनका लागि स्थानीय तहसँग मिलेर मापदण्ड अनुसार काम गर्न सके केही वर्षमै नदीबाट हुने बर्षेनिको क्षति बिस्तारै घट्ने समेत सो कार्यालयले जनाएको जनाएको छ।

झापाका नदीलाई दिर्घकालीन रुपमा व्यवस्थापन गर्न जनताको तटवन्धले १७ अर्ब ५९ करोड रुपैयाँ बराबरको डिपीआर तयार गरेको छ। कार्यालयले तयार पारेको डिपीआर जलस्रोत तथा सिँचाई विभागले गएको असार १८ गते स्वीकृत गरेको छ। झापालाई कटान र डुबानमुक्त बनाउन १७ अबं ५९ करोड रुपैयाँ बराबरका स्थायी तटबन्ध निर्माण गर्नुपर्ने प्रस्ताव तटबन्ध कार्यालयले सरकारलाई पठाएको छ।

डिपीआर स्वीकृत भएपछि चालू आर्थिक वर्षदेखि बहुवर्षीय ठेक्का प्रक्रियाबाट कार्यालयले कार्य सम्पादन गर्ने सो कार्यलयका इञ्जिनियर दुर्गा शर्माले बताए। कार्यालयले दिएको जानकारी अनुसार रतुवा-मावाको तटबन्धका लागि रु. तीन अर्ब ८९ करोड, कमल नदीका लागि एक अर्ब ७७ करोड, कनकाई नदीका लागि रु. तीन अर्ब नौ करोड, विरीङ नदीका लागि दुई अर्ब ४६ करोड र मेची नदीका लागि पाँच अर्ब ५७ करोडको बहुवर्षीय कार्ययोजना स्वीकृत भएको छ।

कार्यालयले नदीको दिर्घकालीन व्यवस्थापनका लागि हालसम्म ७७ किलोमिटर ढुंगे तथा माटोको बाँध निर्माण गरेको छ। १० वर्षको अवधिमा रतुवा मावा नदीमा २७ किलोमिटरको स्थायी बाँध निर्माण गरेको छ। त्यस्तै कमल नदीको व्यवस्थापनका लागि आठ किलोमिटर बाँध निर्माण भएको छ भने कनकाई नदीमा १९ किलोमिटर बाँध निर्माण भएको छ। विरीङ नदीमा १८ किलोमिटर बाँध निर्माण भएको छ। मेची नदीमा चार किलोमिटर बाँध निर्माण भएको जनताको तटबन्ध कार्यालयले जनाएको छ।



रतुवा मावा नदीका तारावारी, वीरेन्द्रडाँगी, छिन्ताङ्गेटोल, राजावासा लगायतका स्थानहरुमा तथबन्ध निर्माण भएको छ। त्यसैगरी कमल नदीको बोहोरा टोल, सुकुम्बासी टोल, सुनारा, सरङ्गपाडा, पाँचगाछी लगायतका स्थानहरुमा पनि बाँध निर्माण भएको छ। कनकाई नदीको चिल्लागढ, गोलग्राउण्ड, हात्तीसार, रंगियाथान, कुवाडी लगायतका स्थानहरुमा स्थायी तटबन्ध गरिएको सो कार्यालयले जनाएको छ।

यता बिरीङ नदीको खुदुनाबारी पानीकल, गोलुबारी, शरणामति, मोटापानी क्षेत्रमा पनि तटबन्ध निर्माण भएको छ। मेची नदीको पाठामारी, बाहुनडाँगी लगायतका स्थानहरुमा तटबन्ध निर्माण भएको छ। झापाको सदरमुकाम चन्द्रगढी भद्रपुर बचावटका लागि मेची नदी किनारका गौरीगाउँ, भाङ्गबारी, भैंसावाडी, शान्तिटोल लगायतका स्थानहरुमा गरिएको कार्यालयले जनाएको छ। अघिल्ला बर्षमा गरिएका तटबन्धका कारण नदी किनारामा बस्ने सयौं घर-परिवार प्रत्यक्षरुपमा लाभान्वित भएको शिवसताक्षी नगरपालिका वडा नम्वर ६ का वडाअध्यक्ष मनोज खुलालले बताएका छन्। उनले भने- 'समयमै नदीको व्यवस्थापन मा तीनवटै सरकार जुटे बाढीकै कारण झापामा धन जनको क्षति हुने थिएन।'

त्यसैबीच, बाढीको कटान र डुवान क्षेत्रमा जनताको तटबन्ध कार्यालय गैडेले बुधबार कनकाई नदीको स्थलगत अनुगमन गरेको छ। केही दिनअघिको बाढीले पुऱ्याएको क्षतिको विवरण संकलन, अध्ययन र अवलोकन गर्न तटबन्ध कार्यक्रम फिल्ड कार्यलय गैडे माइधारले प्रभावित क्षेत्रको स्थलगत अनुगमन गरेको हो।

अनुगमन टोलीमा कार्यालय प्रमुख मेखनाथ शर्मा, इञ्जिनियर दुर्गा अधिकारी, शिवसताक्षी नगरपालिका वडा नम्बर ६ का वडाअध्यक्ष मनोज खुलाल कार्की, वडा सदस्य बद्रीनाथ खनाल, शिवसताक्षी उद्योग वाणिज्य संघका अध्यक्ष भोला मैनाली लगायतले कटान र डुबान क्षेत्रको अध्ययन अवलोकन गरे। बाढीले विगत वर्षको जस्तो क्षति नपुऱ्याएको जनताको तटबन्ध कार्यालय गैडे माइधारका कार्यालय प्रमुख शर्माले बताए। केही दिनअघिको अविरल वर्षापछि झापाका मेची, विरीङ, कनकाई, कमल र रतुवा-मावा नदीमा आएको बाढीले विगत वर्षको जस्तो जनधनको क्षति नभएको सो कार्यालयले जनाएको छ।

असार अन्तिम सातामा अविरल वर्षापछि आएको बाढीबाट रतुवामावा नदीले किरातटोल, माहाराजास्थान छिन्ताङ्गे टोल लगायतका गाउँमा क्षति पुऱ्याएको छ। त्यसैगरी कमल नदिले सिसाबाँध, सुकुम्बासी टोल भालु गाउँ, सरङ्गपाडा लगायतका गाउँहरुमा क्षति पुऱ्याएको सो कार्यालयले जनाएको छ। कनकाई नदीले भने आँपटारी, शिवगञ्ज, विश्वडुव्बा, भेलामुनी, भोर्लिचौन लगायतका गाउँमा क्षति पुऱ्याको छ। २०७४ सालको बाढीमा झापामा १६ जनाको ज्यान गएको थियो भने तीन जना बेपत्ता भएका थिए। त्यसताका आठ सय ५५ घरपरिवार पूर्ण विस्थापित भएका थिए।

२०७५ सालको बाढीले झापामा नौ घर विस्थापित भएका थिए भने यो वर्षको असार अन्तिम साता आएको बाढीले झापामा तीन जनाको मृत्यु भएको छ भने एकजना बेपत्ता भएका छन्। बाढीकै कारण विस्थापित हुने झापामा यो वर्ष २५ घरपरिवार रहेको जिल्ला रेडक्रस सोसाइटी झापाका सभापती लोकराज ढकालले बताए। उनले भने- 'अघिल्ला वर्षमा साउनको अन्तिम सातातिर भारी वर्षा हुने गरेको थियो। त्यसैले यो बर्ष पनि बाढी पुनः आउँदैन भनेर ढुक्क हुने अवस्था छैन।'

# तपाई झुट बोल्दै हुनुहुन्छ...?

हामी सधैं केही न केही झुट बोलिरहेका हुन्छौं । चाहे त्यो सामाजिक जीवनमा होस् अथवा व्यावसायिक जीवनमा । कामको क्रममा धेरै मानिस हामीसँग पनि झुट बोलिरहेका हुन सक्छन् । सधैं उनीहरूको दिन राम्रो नहुन सक्छ । उनीहरु सधैं काममा उत्साहित नहुन सक्छन् ।

आफ्नो सट्टा अरु कसैको पदोन्नति हुँदा उनीहरु खुशी नहुन पनि सक्छन् । तर, झुट बोल्नु मानिसको मनस्थिति नभई रोजगारीकै एक भाग भयो भने के होला ? एक अध्ययनले साँचो कुरालाई तोडमोड गरेर परिवर्तन गर्न सक्ने मानिस केही रोजगारीका लागि उपयुक्त हुने धारणा विकसित भएको देखाएको छ ।

**काम गर्ने स्थानमा झुट बोल्नु**

सामान्यतया काम गर्ने ठाउँमा झुट बोल्नुलाई राम्रो मानिँदैन । तर, अमेरिकी शोधकर्ता ब्रियान सी गुनिया र एम्मा ई लिभाइनले गरेको शोधले भने जहाँ ग्राहकको सुविधालाई भन्दा बिक्रीमा बढी जोड दिइन्छ, त्यस्तो ठाउँमा झुट बोल्नुलाई राम्रो मानिने देखाएको छ ।

मार्केटिङ सम्बन्धी एक अध्ययन अनुसार ग्राहकको सेवालाई ध्यानमा राखिने व्यवसायका लागि उपभोक्ताको आवश्यकता महत्वपूर्ण हुन्छ । तर, बिक्रीमा जोड दिइने व्यवसायमा भने बिक्रेताको लक्ष्य महत्वपूर्ण हुने गर्छ । व्यापार तथा लगानी बैंकिङ जस्ता पेशा पछिल्लो समय व्यापार बढाउनेतर्फ केन्द्रित भएका छन् ।

गुनिया र लेभाइनले आफ्नो अध्ययनमा सर्वेक्षणका लागि अमेजन टर्कका पाँच सय विद्यार्थीलाई समावेश गरेका थिए । सर्वेक्षणका क्रममा केहीले तलब वास्तविकताभन्दा बढाइचढाइ गरी भन्ने गरेको र केहीले आफ्ना मालिकलाई मन पर्ने काम अनुसार आफ्नो रूची बताउने गरेको उल्लेख गरेका थिए । उक्त सर्वेक्षणमा सहभागीले झुटको सहारा लिनेले व्यापार केन्द्रित रोजगारीमा सफलता पाउने गरेको बताएका थिए । साथै, रोजगारदाताले पनि त्यस्ता मानिसलाई प्राथमिकतामा राख्ने गरेको उल्लेख गरेका थिए ।

सर्वेक्षणमा सहभागी ८४ प्रतिशतले व्यापार केन्द्रित रोजगारीका लागि झुट बोल्ने मानिसको चयन गरेका थिए भने ७५ प्रतिशतले सेवामुखी क्षेत्रका लागि इमानदार मानिसको चयन गरेका थिए । यो परिणाम निकै चाखलाग्दो छ, तर निश्चित भने होइन । सर्वेक्षणमा सहभागी सबैको मत रोजगारी दिने व्यवस्थापकसँग मेल खान्छ भन्ने निश्चित छैन । अमेजन टर्कमाथि आफ्ना कर्मचारीलाई निकै कम तलब दिने गरेको आरोप पनि लाग्दै आएको छ । यो अध्ययनबाट बिक्री केन्द्रित क्षेत्रका लागि झुट बोल्नु योग्यता रहेको र भविष्यमा रोजगारीका लागि यो योग्यता आवश्यक पर्न सक्ने विश्वास विद्यार्थीहरूमा देखिएको युनिभर्सिटी अफ सिकागो बूथ स्कूल अफ बिजनेशका लेभाइन बताउँछन् ।

**झुटको प्रभुत्व**

मानिसले झुट बोल्नु स्वभाविक हो । काम गर्ने स्थानमा झुट बोल्ने विषयमा शुरूमा आवेदन दिने बेलामा नै मानिसले म्यानेजरको अघि आफ्नो योग्यता बढाइचढाइ भन्छन् । अन्डरकभर जासूसी लगायत केही रोजगारीमा झुट बोल्नु अनिवार्य नै हुन्छ । केही कम्पनीले झुटको नीति नै बनाएका हुन्छन् । जस्तो कि केही मुलुकमा कल सेन्टरमा काम गर्ने सबै कर्मचारीलाई अर्कै देशको नागरिक भएको जस्तो बहाना गर्न निर्देशन दिइन्छ ।

त्यस्तै, केही काममा भावनात्मक रूपमा पनि ग्राहकलाई असर नपरोस् भन्ने मनसायका साथ झुट बोल्न लगाइन्छ । केही काम निकै तनावपूर्ण हुन्छन् । यस्तोमा आफ्नो भावनालाई रोक्न सक्ने मानिसलाई कामका लागि उपयुक्त मानिन्छ । कहिलेकाहीँ झुट पत्ता लगाउनु निकै कठिन हुन्छ । कर्मचारीको झुट प्रोत्साहनका लागि हो वा नियतवश हो भन्ने कुरा पनि पत्ता लगाउन गाह्रो हुन्छ । यस्तोमा उक्त झुटले कति मानिस कुन हिसाबले प्रभावित हुन्छन् भन्ने कुराको आधारमा मूल्यांकन गर्नु जरूरी हुन्छ ।



सांस्कृतिक प्रभावले पनि झूटमा महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । कुनै समुदायका मानिस आफ्नो संस्कृतिको बदनाम नहोस् भन्ने हिसाबले पनि झुट बोल्ने गर्छन् । विश्वका आठ मुलुकका एक हजार पाँच सय विद्यार्थीमाझ गरिएको एक सर्वेक्षणमा अस्ट्रेलिया, जर्मनी जस्ता मुलुकको तुलनामा दक्षिण कोरिया, ग्रीस जस्ता मुलुकका नागरिकले बढी झुट बोल्ने गरेको खुलेको थियो । लेभाइनका अनुसार मानिसहरू अर्काले आफूलाई कस्तो व्यवहार गऱ्यो भन्ने विषयमा धेरै सचेत हुन्छन् । तर, आफूले अर्कोलाई कतिको सत्य बोलिरहेको छु भन्नेमा त्यति धेरै वास्त राख्दैनन् । वास्तवमा झुटका विभिन्न किसिमको अवस्था र फाइदा भए पनि मानिसलाई सत्यमा विश्वास गर्न प्रेरित गर्ने काम नै बढी प्रभावकारी हुने उनी बताउँछन् । *एजेन्सी*

एक हप्ता लामो निरन्तर झरी पछि उघ्रिएको बिर्तामोड । धुलो र धुवाले सँसफेर्न गारों हुने ठाउँ बिर्तामोड, अहिले झरीका कारण वायुमा रहेको प्रदुषण पखालिए पछि सफा शुन्दर देखिएको छ ।



तस्वीरः विनोद पाण्डे/पूर्वाञ्चल

# प्रेस क्लबलाई वनको सहयोग

**सुरुङ्गा, साउन २।** कनकाई सामुदायिक वन उपभोक्ता समूह सुरुङ्गाले कनकाई सुरुङ्गा प्रेस क्लबलाई २५ हजार रुपैयाँ सहयोग गरेको छ।

वन समूहको कार्यालय परिसरमा आयोजित कार्यक्रममा वन समूहका अध्यक्ष ख्यामप्रसाद ओली, उपाध्यक्ष ललितबहादुर कार्की, सचिव मान्ता खरेल, सहसचिव श्रीप्रसाद खरेल, कोषाध्यक्ष प्रकाश थापा लगायत वन समूहका पदाधिकारी तथा सदस्यहरुको उपस्थितिमा क्लबका अध्यक्ष रामप्रसाद निरौलालाई चेक हस्तान्तरण गरिएको हो। क्लबको अक्षयकोष स्थापनाका लागि सो रकम प्रदान गरिएको हो।

प्रेस क्लवको अक्षयकोष व्यवस्थापनका लागि यसअघि समाजसेवी व्यक्तित्वहरु दिनेशकुमार पोखरेलबाट .५१ हजार, कनकाई नगरपालिकाकी उपप्रमुख मञ्जु प्रसाईबाट ११ हजार, आशा शर्मा शिवाकोटीबाट पाँच हजार पाँच सय, चम्पा सुवेदीबाट पाँच हजार पाँच सय, कुमारमणि पोखरेलबाट पाँच हजार, प्रकाश चुडालबाट पाँच हजार साथै गोपीकृष्ण र सावित्रा भट्टराईबाट पाँच हजार प्राप्त भइसकेको छ भने अन्य केही दाताहबाट सहयोगको आश्वासन प्राप्त भएको जनाइएको छ।

त्यस्तै स्थानीय समाजसेवी मिनाल तिम्सिनाबाट यस अघि नै प्रेस क्लवलाई १० हजार वरावरको टिसर्ट सहयोग स्वरुप प्राप्त भएको प्रेस क्लबका सचिव मनोज बस्नेतले बताए।

# पाँच जना श्रीलंकन नागरिक निष्काशित

**झापा, साउन २।** सरकाले गैरकानूनी रुपमा बसिरहेका पाँच जना श्रीलंकन नागरिकलाई निष्काशनको निर्णय गरेको छ।

यसको जानकारी बिहीबार आयोजित पत्रकार सम्मेलनमा सरकारका प्रवक्ता, सञ्चार तथा सूचना मन्त्री गोकुल बाँस्कोटाले दिएका हुन्।

बाँस्कोटाका अनुसार पाँच श्रीलंकन नागरिकलाई दुई लाख पाँच हजार रुपैयाँ जरिवाना र ३७ हजार तीन सय ८० अमेरिकी डलर भिषा शुल्क मिनाह गरेर निष्काशित गरिएको हो।


FREE VISA !! FREE TICKET !! FREE VISA !! FREE TICKET

VISA WITH IN 15 DAYS

UAE मा महिला तथा पुरुषलाई रोजगारीको अवसर

Transguard Group LLC

LT. No: 214650, 219864, 220749

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | योग्यता | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभरटाइम | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | बार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 100 | 0 | सम्बन्धित कामको अनुभव | 1920 | ५८,८३० | कं. नि. ले | ८ घण्टा | ६ दिन | कं. नि. ले | छ | छ | २ वर्ष |
| 3 | Aviation Loader/ Porter | 50 | 0 | | 1025 | ३०,७५० | | | | | | | |
| 4 | Aircraft Cleaner/ General Cleaner | 50 | 50 | | 950 | २८,९४१ | | | | | | | |
| 5 | Public Area Cleaner | 50 | 0 | | 800 | २५,२८५ | | | | | | | |
| 6 | Housekeeper/ Cleaner | 50 | 25 | | 900 | २८,४४६ | | | | | | | |
| 7 | Chauffeur Limousine Driver | 250 | 0 | | 2444 | ७३,९९८ | | | | | | | |
| 8 | Special Handing Agent | 50 | 50 | | 1025 | ३०,७५० | | | | | | | |

प्रि-अन्तरवार्ता: धमाधम भईरहेको छ। फाइनल अन्तरवार्ता सम्बधित कम्पनीको प्रतिनिधिबाट २०७६ साउन ०६ गते (22 JULY 2019) बिर्तामोड मा हुदेछ। मोक्ष होटल बिर्तामोड मा हुनेछ।

नोट: Security Guard को Salary (AED 1920) भएता पनि Allowance र OT सहित १२ घण्टा २६ दिन को DPS को 2270 हुनेछ।

नोट: Driver को Salary Aed 2,444 भएता पनि ९ घण्टा २६ दिनको Aed 2600 हुनेछ। र Housekeeper हरूको Aed 1200 सम्म हुनेछ।

साथै यसै कार्यलयमा UAE को बहुप्रतिस्ठित कम्पनी AQUA CLEANING बाट १०० जना SCHOOL ClEANER हरूको माग भई आएकाले जान चाहन इच्छुक तुरुन्त सम्पर्क गर्नुहोला। यसको अन्तरवार्ता 21 JULY साउन ०५ गते मोक्ष होटल बिर्तामोडमा हुदेछ।

मोन्टेज ओभरसिज प्रा. लि.
कलंकी, काठमाडौं
फोन : ०१-४२८७११९, ९८४१७६८१६६, ९८१५०२४२३९, ९८१७९२०२०६, ९८१२२७२२७४


# एनिमेसन स्टुडियोमा २४ जनाको मृत्यु

**एजेन्सी, साउन २।** जापानको क्योटो शहरमा रहेको एक भवनमा रहेको एनिमेसन स्टुडियोमा गरिएको संदिग्ध आगजनीमा परी कम्तीमा २४ जनाको मृत्यु हुनुको साथै अन्य दर्जनौं घाइते भएका छन्।

सो कम्पनीमा भएको भीषण आगआगी योजनाबद्ध रुपमा गरिएको प्रहरीको भनाइ छ। यस आगजनीको कारण प्रष्ट भइ नसकेको प्रहरीले जानकारी दिएको छ। सो आगजनीको समयमा भवनमा कार्यरत धेरै व्यक्तिहरु भाग्न असफल भएकाले मृतकको संख्या अझ बढ्ने आशंका गरिएको अधिकारीहरुले जानकारी दिएका छन्। भुइँतला र पहिलो तलामा १२ जनालाई गम्भीर अवस्थामा उद्धार गरिएको र उनीहरुमा श्वासप्रश्वासको समस्या देखिएको अग्नि नियन्त्रण विभागमा अधिकारीहरुले एएफपी समाचार समितिलाई जानकारी दिएका छन्।

सो आगजनीमा मारिएका प्रायः व्यक्ति सो कम्पनीमा कार्यरत रहेका बताइएको छ। यद्यपि यसमा घटनामा मारिएका व्यक्तिको औपचारिक पुष्टि भने भएको छैन। दोस्रो तलामा रहेका व्यक्तिहरु पनि भाग्न असफल भएको बताइएको छ। सरकारी अधिकारीहरुका अनुसार यस आगजनीमा परी ३५ व्यक्ति घाइते भएका र ती मध्ये १० जनाको अवस्था चिन्ताजनक रहेको छ। कम्पनीमा करिब ७० जना कार्यरत् रहेको बताइएको छ।

प्रहरीले एक शंकास्पद अधवैंशे व्यक्तिलाई घाइते अवस्थामा नियन्त्रणमा लिएको छ। उनको स्थानीय अस्पतालमा प्रहरीको निगरानीमा उपचार भइरहेको छ। ती व्यक्तिले पेट्रोल जस्तो देखिने तरल पदार्थ लिएर भवनभित्र प्रवेश गरेको सीसीटिभी फुटेजमा देखिएको छ। उनले नै भवनको तल्लो तलामा पेट्रोल छर्केर आगो लगाएको आशंका प्रहरीले गरेको छ।